# राष्ट्रिय विकास समस्या समाधान समितिको ४५ औं बैठकको प्रतिवेदन

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

**सिंहदरबार**

२०७६, असार ४ गते

# विषयसूची

१. राष्ट्रिय विकास समस्या समाधान समितिको २०७६ असार ४ मा बसेको ४५ औं बैठकले गरेका निर्णयहरु....... १

२. राष्ट्रिय विकास समस्या समाधान समितिको ४५ औं बैठकको संक्षिप्त प्रतिवेदन ............................................ ३

३. आ.व. २०७५/७६ को दोश्रो चौमासिकको प्रगति .......................................................................................११

४. राष्ट्रिय गौरवका आयोजनाहरुको आ.ब. २०७५/७६ को दोश्रो चौमासिक प्रगति.........................................१५

५. पुनर्निर्माणसम्बन्धी प्रगति स्थिति ...........................................................................................................२७

६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठकका निर्णयहरुको प्रगति स्थिति ................................२९

७. विभिन्न मन्त्रालयहरूवाट ४५ औं राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्न उपसमितिको बैठकमा प्रस्तावित विषयहरू ...........................................................................................................................३७

८. आयोजनाहरुको स्थलगत अनुगमन निरीक्षण तथा देखिएका समस्या तथा समाधानका लागि सुझावहरु............ ४१

९. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक विवरण ............................................................ ४६

.

## १. राष्ट्रिय विकास समस्या समाधान समितिको ४५औ वैठकका निर्णयहरु

१. सडक विस्तार तथा स्तरोन्नति गर्ने सन्दर्भमा साविकमा सडकले चर्चेको क्षेत्रफललाई समेत समावेशगरी वा अलग गरी वातावरणीय संरक्षण नियमावलीमा भएको प्रावधान अनुसार IEE वा EIA के गर्ने भन्ने सम्बन्धी अन्यौलता भएकोले सडक बिस्तार वा स्तरोन्नती गर्दा थप लिनु पर्ने वनको क्षेत्रफललाई मात्र आधार लिई IEE वा EIA गर्नुपर्ने ।

२. विद्युत वितरण र टेलिफोन लाईनको लागि काठको पोल प्रयोग गर्ने व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालय, उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय र संचार तथा सूचना प्रविधि मन्त्रालयले आपसी समन्वय गर्ने र उपयुक्तता र उपलब्धताको आधारमा काठको पोल नै प्रयोग गर्नु पर्ने गरी नीतिगत निर्णय हुन वन तथा वातावरण मन्त्रालयले निर्णयको लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने ।

३. थानकोट-चापागाउँ -भक्तपुर १३२ केभी लगायत विद्युत् प्रसारण लाइनका लागि जग्गा प्राप्तिको समस्या हल गर्न चक्रपथ तथा राजमार्गको Right of Way समेत उपयोग गर्ने गरी सडक विभागसँग समन्वयात्मक रूपमा कार्य गर्न समन्वयका लागि पहल भएता पनि निर्णय भै नसक्दा समस्या यथावत रहेकोले विद्युत प्रसारण लाईन निर्माणमा काठमाण्डौ चक्रपथ तथा राजमार्गको Right of Way समेत उपयोग गर्ने गरी नीतिगत व्यवस्था गर्न निर्णयका लागि उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले नेपाल सरकार म.प.मा प्रस्ताव पेस गर्ने ।

४. विद्युत वितरण आयोजनाको समेत चुरे क्षेत्रमा EIA र अन्य क्षेत्रमा IEE गर्नुपर्ने प्रावधानका साथै वन क्षेत्र तथा निजी वा ऐलानी जग्गा प्राप्त गर्नुपर्ने हुँदा आयोजनाहरूको कार्यान्वयनमा ढिलाई हुने भएकाले विकास आयोजनाको लागि EIA वा IEE गर्नु पर्ने कार्यविधिको प्रावधानलाई परिमार्जन गर्न वन तथा वातावरण मन्त्रालयले प्रक्रिया अघि बढाउने ।

५. सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणको नीति एवं कार्यक्रमहरु विभिन्न निकायहरुबाट कार्यान्वयन हुँदा दोहोरोपना देखिएकोले साधन स्रोतको उपयुक्त एवं औचित्यपूर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगले एकिकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने ।

६. प्रदेश राजधानी र स्थानीय तहका प्रशासनिक केन्द्र तथा स्थानीय तहका वडा केन्द्रको भवन निर्माणका लागि कतिपय स्थानमा सरकारी, सार्वजनिक र वन क्षेत्रभित्र पर्ने जग्गा समेत आवश्यक पर्ने देखिएकोले वनको क्षेत्राधिकार भित्र पर्ने जग्गाको हकमा मापदण्ड अनुसारको जग्गा वन तथा वातावरण मन्त्रालयले र सरकारी र सार्बजनिक जग्गाको हकमा भुमि ब्यबस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयले माग भएको ३ महिनाभित्र उपलब्ध गराउने ।

७. संघ, प्रदेश र स्थानीय तहको विकास नीति, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन, तहगत समन्वय तथा प्रतिवेदनको लागि राष्ट्रिय ढाँचा नभएकोले राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सदस्य रहेको समितिले ३ (तीन) महिनाभित्र राष्ट्रिय ढाँचा तयार गरी प्रतिवेदन पेश गर्ने ।

८. पूर्वाधार विकास आयोजनाहरुमा विभिन्न निकायहरुबाट ठेक्का सम्झौता भई कार्यान्वयन हुदै आइरहेकोमा ठेक्का सम्झौताहरु मध्ये कुल १८४८ वटा ठेक्का सम्झौता अवधिभित्र सम्पन्न नभईरूग्ण रहेकोले त्यसको समस्या समाधान गर्न समयबद्ध कार्ययोजना बनाई क्रमागत आयोजनाको हकमा ठेक्का सम्झौता अनुसारको काम सम्पन्न गर्ने र न्युन कार्यसम्पादन भएका तथा पटक पटक म्याद थप गर्दा समेत कार्य प्रगति कम भएका आयोजनाको हकमा सार्वजनिक खरिद कानुन बमोजिमको प्रक्रिया सम्बन्धित मन्त्रालयले अगाडि बढाउने ।

## २. राष्ट्रिय विकास समस्या समाधान समितिमको ४५ औ बैठकको संक्षिप्त प्रतिवेदन

### २.१ बैठकको संक्षिप्त विवरण

सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ४५ औ बैठक २०७६ असार ४ गते राष्ट्रिय योजना आयोगको सभाकक्षमा सफलतापूर्वक सम्पन्न भयो । वैठकमा माननीय उपप्रधानमन्त्री, नेपाल सरकारका माननीय मन्त्रीहरु, प्रदेश नम्वर १, प्रदेश नम्वर २, गण्डकी प्रदेश, प्रदेश नम्वर ५, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरु, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार तथा अन्य सल्लाहकारहरु, नेपाल सरकारका माननीय राज्यमन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, संवैधानिक निकायका प्रमुखहरु, महालेखापरिक्षक, महान्याधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, आयोगका माननीय सदस्यहरु, सर्वोच्च अदालतका मुख्य रजिष्टार, नेपाल राष्ट्र बैंकका गर्भनर, राष्ट्रिय पुननिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत, नेपाल सरकारका सचिवहरु तथा अन्य विशिष्ट पदाधिकारीहरुको उपस्थिति रहेको थियो । आयोगका सदस्य सचिवले बैठकको शुरुवात गर्नुका साथै स्वागत मन्तव्य राख्नु भएको थियो । आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीकरण पश्चात सम्माननीय प्रधानमन्त्रीज्यूले छलफलको कार्यक्रमलाई सहजीकरण गर्दै विभिन्न विषयहरुमा निर्देशन दिनुभएको थियो । बैठकमा मन्त्री तथा मुख्यमन्त्रीहरूले आफ्नो मन्त्रालयसँग सम्बन्धित समस्याहरू राख्नुभएको थियो । अन्त्यमा विभिन्न क्षेत्रसँग सम्वन्धीत ८ वटा विषयहरुमा निर्णय गरी वैठक समापन भएको थियो ।

### २.२ राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीकरणको संक्षिप्त विवरण

वैठकमा आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलबाट चालु आ.व. २०७५/७६ को दोस्रो चौमासिक अवधिसम्मका प्रमुख आर्थिक परिसूचकहरुको स्थिति, चालु आ.व. को दोस्रो चौमासिक बजेट, खर्च र आयोजनाहरुको प्रगति, भुकम्प पछिको पुनर्निमाणको प्रगति, साधारण तथा विकास बजेट तथा प्रदेश र स्थानीय तहलाई अनुदान रकम, वार्षिक बजेटको दोस्रो चौमासिक सम्मको खर्चको स्थिति तथा प्रगति, कुल बजेटको आधारमा फागुनसम्मको खर्चको तुलनात्मक विवरण, पहिलो प्राथमिकता प्राप्त कार्यक्रमहरुको दोस्रो चौमासिक प्रगति विवरण, राष्ट्रिय गौरवका आयोजनाहरुको दोस्रो चौमासिकको भौतिक प्रगति स्थिति तथा लक्ष्यको तुलनामा प्रगति स्थिति, राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औ वैठकका निर्णयको प्रगति स्थिति, सम्माननीय प्रधानमन्त्रीज्यूबाट ४४ औ वैठकमा भएका महत्वपूर्ण निर्देशनहरु, मन्त्रालयबाट प्राप्त समस्या र राष्ट्रिय विकास समस्या समाधान उपसमितिको वैशाख १९, २० र २२ गते भएको छलफलको सारांश, महत्वपूर्ण समस्याहरु र निर्णयका लागि प्रस्तावित समाधानका विषयहरु, प्रदेश सरकारको आ. व. २०७६/७७ को बजेटको तुलनात्मक विवरण, संघ तथा प्रदेश सरकारको आ. व. २०७६र७७ को बजेट र अन्त्यमा बजेट कार्यान्वयनको प्रभावकारिता समेटिएको प्रस्तुती भएको थियो ।

समीक्षा अवधिमा चालू आ.व.२०७५/७६ को दोश्रो चौमासिकमा कूल २६२ पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति हासिल गरेका आयोजनाहरुको संख्या ८९ (३३.९६ प्रतिशत), ५० देखि ७९.९९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या ७८ (२९.७८ प्रतिशत) र ५० प्रतिशतभन्दा कम

प्रगति भएका आयोजनाहरुको संख्या ७८ (२९.७८ प्रतिशत) रहेको पाइयो । बाँकी १७ (६.४८ प्रतिशत) वटा आयोजनाहरुको प्रगति नखुलेको वा प्रगति विवरण नै प्राप्त हुन नसकेको पाइयो । त्यस्तै, राष्ट्रिय गौरबका विभिन्न २२ वटा आयोजनाहरुमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाको संख्या ७ (३१.८१), ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या ११ (५० प्रतिशत) र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या २ (९.०९ प्रतिशत) रहेको पाइयो । यस्तै २ (९.०९ प्रतिशत) वटा आयोजनाहरुको प्रगती प्राप्त नभएको पाइयो ।

## २.३ सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूले ४५ औंराष्ट्रिय विकास समस्या समाधान समितिमा दिनुभएको निर्देशनहरुको बुँदागत विवरण

१. राष्ट्रिय विकास समस्या समाधान समितिको ४५औं बैठक गर्दै गर्दा चालु आर्थिक वर्ष २०७५/७६ को अन्तिम समयमा छौं । मन्त्रालयगत प्रगतिको समीक्षाबाट विकास कार्यक्रम र आयोजनाको प्रगति विगतमा भन्दा सुधारिएको भएतापनि अपेक्षित लक्ष्य हासिल गर्न गम्भिर भएर मेहनत गर्नुपर्ने छ। यो वर्षको लागि तोकिएका कार्यक्रम समयमै सम्पन्न गर्नु हुनेछ ।

२. चालु आर्थिक वर्षमा ७.९ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यका साथ नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा ल्याइएकोमा लक्ष्यको नजिकको वृद्धिदर हासिल गर्न सकेका छौं । संघ, प्रदेश र स्थानीय तहमा भएको खर्चका कारण पुँजीगत खर्चमा वृद्धि हुनुको साथै निजी क्षेत्रका आर्थिक क्रियाकलापहरूमा भएको विस्तारका कारण लगानी उल्लेख्य रूपमा वृद्धि भएको छ । परिणामस्वरूप दुई अंकको आर्थिक वृद्धिको लक्ष्यसहित समृद्धि हासिल हुने बलियो आधार निर्माण भएको छ । पन्ध्रौं योजनाको आधारपत्र प्रकाशित भइसकेको सन्दर्भमा आगामी विकास नीति, योजना तथा कार्यक्रमहरू सो योजनामा उल्लेखित उद्देश्य, लक्ष्य, रणनीति तथा कार्यनीतिलाई केन्द्रमा राखी कार्यान्वयन गर्ने ।

३. यस अवधिमा धान, मकै, तरकारी, मासु र दुग्धजन्य पदार्थहरूको उत्पादनमा उल्लेख्य बृद्धि भई आधारभूत कृषि उत्पादनमा मुलुक आत्मनिर्भरता तर्फ उन्मुख भएको छ । ३ हजार २ सय हेक्टर क्षेत्रमा थप सिंचाइ सुविधा विस्तार भएको छ । यस उपलब्धीलाई कायम राख्दै आगामी दिनमा थप प्रगतिका साथ उत्पादन र उत्पादकत्व बृद्धि गर्न पहल गर्ने ।

४. दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको आधारपत्र स्वीकृत भइ **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा हासिल गर्ने मार्गचित्र तयार भएको छ। पन्ध्रौं योजनामा उल्लेखित राष्ट्रिय लक्ष्यहरुसँग सामञ्जस्य हुनेगरी सबै प्रदेशहरुले प्रादेशिक खण्डीकृत तथ्यांक समावेश गरी आवधिक योजनालाई आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याउने । सबै मन्त्रालयले विकास कार्यक्रम कार्यान्वयन गर्दा भौतिक तथा वित्तीय प्रगतिबीच सन्तुलन मिलाउने गरी कार्यक्रममा जोड दिने ।

५. संविधान कार्यान्वयन र वित्तीय संघीयताका लागि आवश्यक कानुन, जनशक्ति तथा संरचना छोटो समयमा तयार भई संविधान र वित्तीय संघीयताको कार्यान्वयनको यस अवधिमा भएका उपलब्धिहरू उत्साहप्रद नै छन् ।

६. विकास योजना तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा मासिक लक्ष्य निर्धारण गरेर हासिल गर्ने गरी सम्पूर्ण प्रयास केन्द्रित गर्ने । स्थानीय तहको विकास कार्यक्रम र योजना समेत प्रदेशका मुख्यमन्त्रीहरूले अनुगमन

र सहजीकरण गर्ने । साथै, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन सम्बन्धी सम्पूर्ण तयारी यस आर्थिक वर्ष भित्रै सम्पन्न गर्ने ।

७. राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारित समय भित्र र तोकिएको गुणस्तर कायम गरी सम्पन्न गर्नको लागि सबै मन्त्रालय तथा निकायहरुले जिम्मेवारीपूर्वक र समन्वयात्मक रुपमा कार्य गर्ने । साथै, राष्ट्रिय गौरबका आयोजनाहरूको कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने व्यवस्था मिलाउने । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको आयोजना सहजीकरण समन्वय समितिलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।

८. आयोजना सुशासनको क्षेत्रमा अझैपनि अपेक्षित सुधार हुन नसकेकाले आयोजना पहिचान, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्यांकनका क्षेत्रमा नतिजा, समय र उत्तरदायित्वमा विशेष ध्यान दिने । बार्षिक बजेट जेठ १५ गते नै प्रस्तुत हुने तर सरकारी ठेक्का माथिको चाप वर्षान्तमा पर्ने असङ्गतीयुक्त अवस्था हटाउने। विकास आयोजनाहरु पूर्व तयारी र कार्यान्वयन योग्य बनाएपछि मात्र आयोजना सञ्चालनमा ल्याउने। अन्तरनिकायका बीचको समन्वय सुदृढ, प्रभावकारी र छिटो छरितो बनाई योजना कार्यान्वयनमा थप प्रभावकारिता ल्याउने ।

९. पहिलो प्राथमिकताक्रमका ८० प्रतिशत भन्दा कम प्रगति भएका कार्यक्रम र आयोजनाहरुको तीव्र कार्यान्वयनका लागि विषय क्षेत्रगत मन्त्रालयका मन्त्रीज्यू र सचिवज्यूले विशेष ध्यान पुऱ्याई लक्ष्य प्राप्तिमा जोड दिने ।

१०. विभिन्न मन्त्रालय तथा निकाय अन्तर्गत रहेका रुग्ण ठेक्का आयोजनाहरुको कार्यान्वयनस्तर सन्तोषजनक नरहेकोले रुग्ण आयोजनाहरु कानून बमोजिम फरफारक सहित शीघ्र आयोजना सम्पन गर्ने गरी ठेक्का व्यवस्थापन गर्न सबै मन्त्रालय तथा निकायहरु गम्भिर हुने । साथै, तोकिएको समयमा सम्पन्न हुन नसक्ने आयोजनाहरु खारेज गरी निर्माणको जिम्मेवारी लिएकाहरुलाई सम्बन्धित निकायले कानुनी दायरामा ल्याउने।

११. आगामी आर्थिक वर्षको लागि आवश्यक योजना, नीति तथा बजेटको कार्य सकिएकोले ती सबैको सम्पूर्णतामा कार्यान्वयन हुनेगरी पूर्व तयारीका साथ आजैदेखि क्रियाशील भै उक्त योजना, नीति र कार्यक्रमको कार्यान्वयनबाट "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पुरा गर्न सबै क्षेत्र तथा निकायहरूबीच पूर्ण सहकार्य गर्ने ।

१२. आर्थिक वर्ष अगाडि नै बजेट स्वीकृत गरी कार्यान्वयनमा ल्याउँदा पनि पुँजीगत खर्चको प्रगति कम देखिएकोले सार्वजनिक खर्च प्रणालीमा थप सुधार गरी पुँजीगत खर्च वृद्धि गर्न जोड दिने । प्रदेश र स्थानीय तहको खर्चले आर्थिक क्रियाकलाप विस्तारमा सकारात्मक योगदान पुग्ने हुनाले पुँजीगत खर्चमा वृद्धि गर्ने ।

१३. नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन सबै तह र निकायले योजनावद्ध रुपमा प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्ने ।

१४. आगामी आर्थिक वर्षलाई उच्च आर्थिक वृद्धि र तीव्र विकासको लक्ष्य हासिल गर्नेगरी सम्पूर्ण साधन र स्रोतको परिचालन गर्ने । आम नागरिकलाई सरकारले प्रत्याभूति गरेका सेवाको गुणस्तरमा सुधार गर्ने । साथै, निजी क्षेत्रबाट प्रवाह भएका वस्तु र सेवाको गुणस्तर कायम गर्न नियमन प्रणालीलाई सुदृढ गरी कार्यान्वयन गर्ने।

१५. नयाँ व्यवस्था अनुसार हामीले हाम्रा कानुनहरु निर्माण गरिसक्यौं । सङ्घीय संरचनाको अभ्यासमा नेपालले छोटो समयमै सफलता हासिल गरेकाले आर्थिक वृद्धिको आधार पनि बनेको छ । नयाँ संरचनामा जाँदा पनि हामीले यसका प्रक्रिया अन्य मुलुकका तुलनामा छिटै सकेकाले यसमा हामी सफल छौं । नयाँ संरचनामा परिणत हुँदा कतिपय कुरा तयारी अवस्थामै जस्तो नहुने भएकाले बाँकी रहेका काम विस्तारै मिल्दै जानेछन्।

१६. संघीयता कार्यान्वयनमा नेपालले उल्लेखीय प्रगति गरेको छ । संसारमा यस्तो द्रुत गतिमा काम भएको पाईदैन । संघीयता कार्यान्वयनका क्रममा कहिले काँही देखिने सैद्धान्तिक असहमति बाहेक अन्य समस्या उत्पन्न नभएको र नेपाल यस सन्दर्भमा अगाडि बढेको छ ।

१७. संघीय व्यवस्था अनुसार शासन व्यवस्था सञ्चालन गर्न सबै सरकारलाई बानी परिसकेको छ अब परिणाम दिनुपर्ने छ । संघीय व्यवस्था अनुसार स्थानीय सरकार बनेको दुई बर्ष भयो, प्रदेश र संघीय सरकार बनेको पनि डेढ बर्ष भयो । त्यसैले अब हामीले जनतालाई छिटो छरितो सेवा र विकासका काम गर्नु पर्दछ । नेपालमा अहिले विकासका लागि अनुकुल अवस्था सिर्जना भएको छ ।

१८. प्राथमिकता प्राप्त आयोजनाहरू लामो समयदेखि अल्झाई रहने ठेकेदारलाई अयोग्य घोषणा गर्नुपर्ने छ । त्यस्ता आयोजनाहरूको प्रगति सन्तोषजनक हुन नसकेकोले निश्चित समय दिएर आयोजना पूरा गर्न लगाउनुपर्ने र त्यसपछि सम्बन्धित ठेकेदारलाई अयोग्य घोषणा गर्नुपर्नेछ ।

१९. आयोजना ढिला हुँदा लागत पनि दुई गुणा बढ्ने र त्यसको प्रतिफलको लाभ पनि पर्याप्त नहुने हुन्छ । राज्यलाई दोहोरो गम्भीर हानी पुर्याउने कम्पनीलाई काम दिन नसकिने र आयोजना पूरा गरेपछि त्यस्ता ठेकेदारलाई डिसक्वालिफाई गर्ने व्यवस्था मिलाउने ।

२०. केही नुनिलो माटोका कारण सिक्टा सिँचाइ आयोजनाको काम नै अगाडि बढाउन सकिएन भन्ने कुरा सुनियो। म आफैले भ्रमणका क्रममा त्यसै ठाउँमा बाहिरबाट घुलनशील माटो ल्याएर आयोजनालाई गति दिन सकिन्छ पनि भनेको थिएँ तर प्रक्रियाका नाममा त्यसमा ढिला भयो । आयोजनाको प्रक्रियाभन्दा पनि कतिपय अवस्थामा त्यसको प्रतिफललाई केन्द्रमा राखेर काम गर्नुपर्ने छ । हाम्रो उद्देश्य आयोजनासँग सम्बन्धित मुद्दा जित्ने भन्ने हुँदै होइन, त्यो आयोजनाबाट प्राप्त हुने प्रतिफल हाम्रो उद्देश्य हो । आयोजनाहरूको अनुगमन र निरीक्षणको काम योजना आयोगबाट मात्र नभई सम्बन्धित मन्त्रालयबाट पनि नियमित रूपमा गर्ने ।

२१. गत वर्ष सङ्घीयता कार्यान्वयन र नयाँ कानुन निर्माणमा केन्द्रित हुँदा पनि सात प्रतिशत हाराहारीको आर्थिक वृद्धिदर हासिल भएकोमा अहिलेको परिस्थितिमा आगामी आर्थिक वर्षमा ८.५ प्रतिशत वृद्धिदर हासिल गर्ने आधार तयार भएको छ ।

## २.४ वैठकमा छलफलको समयमा माननीय मन्त्रीज्यू,मुख्यमन्त्रीज्यू तथा अन्य विशिष्ट पदाधीकारीहरुले राख्नुभएका विचारहरु (क्रमिक रुपमा )

**माननीय मन्त्री श्री शक्ति बस्नेत, वन तथा वातावरण मन्त्रालय**

- वन क्षेत्रबाट स्थानीयवासीलाई उपलब्ध गराउने जग्गाका लागि मापदण्ड आवश्यक हुने बताउनुभयो । त्यस्तै उहाँले सबै सरकारी कार्यालयमा स्थानीय साधन श्रोत जस्तै काठ, बासँ आदिको फर्निचर प्रयोग अनिवार्य गराउनुपर्ने प्रस्ताव राख्नुभयो । स्थानीय तहको समन्वयको लागि राष्ट्रिय योजना आयोगले मापदण्ड बनाई दिनुपर्ने उल्लेख गर्नुभयो ।

**माननीय मन्त्री श्री प्रदिप ज्ञवाली, परराष्ट्र मन्त्रालय**

- विदेशमा रहेका Scholar हरुको clustering को निम्ति हाल परराष्ट्र मन्त्रालयमा 'Brain Gain Centre' को स्थापना गरिएको जानकारी दिदै उहाँहरुको विज्ञताको प्रयोग गर्न आवश्यक रहेको विषय राख्नुभयो । यस्तै आगामी दिनमा सगरमाथा सम्मेलनको आयोजना गर्न लागिएको जानकारी गर्दे नेपाललाई अन्तराष्ट्रिय स्तरमा चिनाउन जलवायु परिवर्तन, दिगो विकास लक्ष्यमा पर्ने प्रभाव र वातावरणीय संरक्षणको महत्व दर्शाउन यस्ता सम्मेलनको आवश्यकता रहेको कुरा जनाउनुभयो ।  रुग्ण ठेक्काको लागि निश्चित अवधि तोक्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहको बीचमा दोहेरापना देखिएको हुदाँ त्यस्को समाधानका निम्ति कार्यविधि बनाईनुपर्ने कुरा राख्नुभयो । साथै नेपाली नियोगहरुको सम्वन्धमा ३९ वटै नियोगहरुलाई सक्षम र सक्रिय बनाउने र आवश्यक सम्पत्तिको संरक्षण गर्ने विषय राख्नुभयो ।

**माननीय मुख्यमन्त्री श्री शङ्कर पोखरेल, प्रदेश नम्वर ५**

- ढुङ्गा, गिट्टी तथा बालुवाका लागि नदीमा भर पर्न गाह्रो हुने भएकाले खानी पहिचानको प्रक्रिया अगाडि बढाउनुपर्ने बताउनुभयो । त्यस्तै बहुवर्षीय आयोजना पूरा गर्न ससर्त अनुदान कम भएको र प्रदेश तर्फको आयोजना कार्यान्वयनको सम्बन्धमा EIA को अधिकार प्रदेशलई दिनुपर्ने भन्दै प्रदेश नं ५ ले स्रेस्ता सुधार गर्ने सन्दर्भमा चालु आ.व.मा नै बजेट छुट्याइसकेको विषय जानकारी गर्नुभयो । केन्द्र, प्रदेश र स्थानीय तहको समन्वय गर्ने कार्यढाँचा बनाईयो तर मन्त्रालयभित्र र तीन तहका सरकारका बीचमा दोहोरोपना परेको समस्या समाधान गर्न अझ केन्द्रीत भएर जानुपर्ने विषय बताउनुभयो । विकास आयोजनालाई अधुरो नबनाउन बजेट सुनिश्चत हुनुपर्ने र यसमा राष्ट्रिय योजना आयोगले ध्यान दिनुपर्ने कुरा राख्नुभयो । राष्ट्रिय गौरवका आयोजनाहरु कतिवर्षमा पुरा गर्ने हो, यसको लक्ष्य स्पष्ट गर्ने कार्य राष्ट्रिय योजना आयोगले निर्धारण गर्ने र सो को आधारमा कार्य प्रगति मापन गर्नुपर्ने विषय राख्नुभयो । प्रदेश र स्थानीय तहका आयोजनाका हकमा प्रदेशले र संघका आयोजनाका हकमा संघले निर्णय गर्नुपर्ने विषय राख्दै स्थानीय तहका आयोजनाको अनुगमन जिल्ला समन्वय समितिको समन्वयमा गर्न हामी सहकार्य गरी कार्यविधी बनाउँछौं र कानुनी रुपमै जानु राम्रो होला भन्ने कुरा राख्नुभयो ।

**माननीय मुख्यमन्त्री श्री लालबाबु राउत, प्रदेश नम्वर २**

- प्रदेशले उठाउनुपर्ने राजस्व केन्द्रबाट ढिला मात्रै प्राप्त भएको र कतिपय काममा दोहोरोपन बढ्दै गएको चिन्ता व्यक्त गर्नुभयो । योजना तर्जुमा गर्दा योजना आयोग र प्रदेशस्तरका आयोगबीच समन्वय हुनुपर्ने उहाँको भनाइ थियो । संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना सम्वन्धमा राम्रो प्रगति हुन नसकेकोले

सम्वन्धीत मन्त्रालयबाट नै पहल होस भन्ने विषय राख्दै संघ प्रदेश र स्थानीय तहको कार्यसीमा स्पष्ट हुनुपर्ने र एउटै तहमा दोहोरोपना हुन नहुनेगरी योजनाको वर्गीकरण गर्नुपर्ने कुरा राख्नुभयो । राष्ट्रिय वन प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहने कुरा राख्दै ठूलो जनसंख्या रहेको र मानव विकास सूचांकमा पछाडि परेको क्षेत्रमा बजेट बाडफाँड गर्दा विशेष ध्यान पुगोस भन्ने अनुरोध गर्नुभयो । साथै योजना निर्माण गर्दा आवश्यक जनशक्ति र प्रविधि दिएर शुरुको दिनमा मजवुत गर्न आवश्यक रहेको भन्दै तत्पश्चात विधी र कार्यविधी सहित जनशक्तिको सशक्तीकरण गर्दा उपयुक्त हुने कुरा राख्नुभयो ।

**माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा, महालेखा परीक्षकको कार्यालय**

- अब नयाँ कारोवार गर्दा बेरुजु नहुने पद्धति अवलम्वन गरेर अगाडी बढ्नुपर्ने र आन्तरिक लेखा परिक्षणलाई दुरुस्त र व्यवस्थित राख्न मन्त्रालय तथा विभागले अनुगमन गर्नुपर्ने सोच अगाडी राख्नुभयो । त्यसैगरी लेखा परिक्षण गर्ने पद्धतिमा परिवर्तन गर्नुपर्ने, पुरानो बेरूजु हटाई नयाँ आउने बेरूजुको व्यवस्था गर्नुपर्ने, आन्तरिक नियमनको व्यवस्था गर्नुपर्ने र राष्ट्रिय योजना आयोगले राष्ट्रिय गौरवका आयोजनाहरूको अनुगमन र नियमन गर्नुपर्ने भनाई राख्नुभयो । आर्थिक प्रशासन र वित्तीय व्यवस्थापनमा अनुसाशन कायम गर्ने विषयमा विश्लेषण जरूरी देखिएको, हाम्रो लेखा प्रणालीमा नै भुक्तानी भएको रकम मात्र लेख्ने प्रचलन रहेको कुरा राख्नुभयो ।

- महालेखा नियन्त्रकको कार्यालयले ठुलो-ठुलो रकमहरू हरेक महिना भुक्तानी गर्न के-कति बाँकी रहको छ र सिधै भुक्तानी भएको खर्चको यथार्थ चित्रण गर्ने, पुरानो बेरूजु फर्छ्योट गर्ने अभियानको थालनी र नयाँमा कारोबार गर्दा बेरूजु र अनियमितता नहुने व्यवस्था मिलाउनु पर्ने विषय राख्नुभयो । मन्त्रालय, विभाग र केन्द्रीय निकायहरूले अनिवार्य रूपमा आन्तरिक नियन्त्रण, निरीक्षण, अनुगमन र श्रेष्ता दुरूष्त गरी प्रारम्भिक कमजोरी सुधार गरेमा आर्थिक वर्ष भित्रनै श्रेष्ता मिलाउन सकिने विषय व्यक्त गर्नुभयो । म.ले.नि.का. र को.ले.नि.का. ले लेखापरीक्षण प्रतिवेदन र आन्तरिक लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्नु पर्ने तथा आन्तरिक लेखापरिक्षणले नै सबै कुरा व्यवस्थित गरिदिएमा उक्त प्रतिवेदनलाई महालेखा परिक्षकले आधार बनाई अघि बढ्न सक्ने कुरा राख्नुभयो ।
- राष्ट्रिय सतर्कता केन्द्रले विकास निर्माणको प्राविधिक परीक्षणको प्रतिवेदन तयार गर्ने, सार्वजनिक खरिद अनुगमनको कार्यालयले ठुला खरिद कार्यको अनुगमन गर्ने र राष्ट्रिय योजना आयोगले राष्ट्रिय गौरवको आयोजनाको विश्लेषण अध्ययन गरी प्रतिवेदन तयार गरेपश्चात महालेखा नियन्त्रकको कार्यालयले जोखिममा आधारित भएर कार्य अगाडि बढाएमा बेरूजु नियन्त्रण गर्न सकिने तथा  स-साना त्रुटी र कमजोरीहरु आ.व. नवित्दै सुधार हुने कुरा राख्नुभयो । अन्तिम लेखापरिक्षण गर्दा छुटेका व्यहोरा मात्र आउने गरेमा अंक कम गराउन र बेरूजु परिमाण घटाउन सकिने र यसका निम्ति मन्त्रालयसँग मिलेर नीतिगत र कार्यगत छलफल गरी टुङ्गयाइनु पर्ने भन्दै आ-आफ्नो ठाँउबाट जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नुपर्ने विषयमा विचार राख्नुभयो ।

**प्रमुख कार्यकारी अधिकृत श्री शुशील ज्ञवाली, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

- हाल भुकम्पबाट विस्थापित २२३० वटा वस्ती स्थानान्तरण गर्नुपर्ने रहेको हुनाले जग्गा व्यवस्था सम्बन्धी टुङ्गो लगाउनुपर्ने कुरा राख्नुभयो । करिव १५० रोपनी जग्गा व्यवस्था गर्नुपर्ने विषय राख्नुभयो ।

**माननीय मन्त्री श्री मोहम्मद ईस्तीयाक राई, शहरी विकास मन्त्रालय**

- बजेट Ceiling निर्धारण गर्दा सम्बन्धित मन्त्रालयलाई बोलाएर गर्नुपर्ने । बेरूजु सम्बन्धमा नियमित फर्छौट गर्नुपर्ने र कति बेरूजु कुन बर्षको हो पहिचान गरिनुपर्ने र मलेनिकाले पनि प्रेस विज्ञप्तीमा एकमुष्ट वेरुजु देखाउनु भन्दा स्पष्ट प्रकार छुट्याउनुपर्ने र सिलिङ्ग निर्धारणमा व्यापक छलफल गर्नु पर्ने विचार राख्नुभयो।

**माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट, सुदुरपश्चिम प्रदेश**

- योजना निर्माण गर्दानै विस्तृत रुपमा नगर्ने प्रवृत्ति रहेकोले प्रगति लक्ष्य अनुरुप हुन नसकेको बताउनुभयो । योजना बनाँउदा नै EIA/IEE र जग्गाप्राप्ति आदि कुराहरु प्रष्ट पारेर मात्र ठोस रुपमा अगाडी बढ्नुपर्ने धारणा राख्नुभयो । कुनै पनि आयोजनाको डिजाइन गर्दा स्थलगत बस्तुस्थितिको आधारमा मात्र बनाइनुपर्ने साथै अब बनाइने बिजुलीको पोलहरू गोलाकार हुनुपर्ने भनाई राख्नुभयो । त्यसैगरी उहाँले असारमा मात्र धेरै जसो बजेट खर्च हुने प्रणालीको पनि अन्त्य गरिनुपर्ने र बजेट बनाउँदा स्थानीय तहबाट सुरू गरी संघीय बजेट ल्याइनुपर्ने विचार प्रस्तुत गर्नुभयो । महाकाली सिंचाई आयोजनामा हालसम्म १३ प्रतिशत मात्र प्रगति रहेकोले यस गतिमा २० वर्षसम्म पनि योजना बन्न् नसक्ने कुरा राख्नुभयो । असार महिनामा मात्र भुक्तानी गर्ने कार्यको अन्त्य हुनुपर्ने कुरा राख्दै गत वर्षको सशर्त अनुदान प्रदेशमा घटेको छ यसको दायित्व कसरी पुरा गर्ने हो ठोस रुपमा कार्यक्रम थाल्नुपर्ने विषय उठाउनुभयो ।

**माननीय मन्त्री डा. युवराज खतिवडा, अर्थ मन्त्रालय**

- आयोजनाहरूमा दोहोरोपन हुन नदिनलाई संघ, प्रदेश र स्थानीय तहबीचको आयोजनाहरूको वर्गीकरण निश्चित मापदण्डबाट जानुपर्ने र यसका निम्ति मन्त्रिपरिषद्ले मापदण्ड जारी गरिसकेकोले सो अनुसार गर्नुपर्ने कुरा राख्नुभयो । प्रदेश स्तरमा गएको सम्पुर्ण बहुवर्षिय ठेक्काको नपुग रकम संघको जिम्मेवारीमा पर्ने र यसमा थप दायित्व सृजना भएका र कामको प्रगतिको आधारमा भुक्तानी दिइँदै आएको विषय जानकारी गर्नुभयो । भुक्तानी दिन बाँकी रहेको ठाँउमा सम्बन्धित मन्त्रालयसँग छलफल गरी संघले सृजना गरेको दायित्व संघले नै भुक्तानी दिँदै जाने व्यवस्था मिलाइएको र आगामी दिनमा प्रदेश र स्थानीय तहमा ससर्तमा जाने आयोजनाहरु संघबाट कम गर्दै जाने र प्रदेशको आफ्नै छनोट र प्राथमिकता अनुसार अघि बढाउनुपर्ने विषयमा समन्वय गर्नुपर्ने जसमा संघ र प्रदेशको योजना आयोग मिलेर काम गर्नुपर्ने विचार राख्नुभयो ।
- वित्त आयोगले तयार गरेको सूत्रकै आधारमा प्रदेशमा राजस्व बाँडफाँड र अनुदान उपलब्ध गराइएको बताउनुभयो । विभाज्य कोष परिचालनका लागि सफ्टवेयर निर्माणको प्रक्रिया अगाडि बढेकाले आगामी आर्थिक वर्षमा छिटै उपलब्ध गराउने तयारी गरेको जानकारी दिनुभयो । चालु आ.व. मा वित्तीय संघीयतामा

जे जती कार्य अघि बढ्यो त्यो नै उदारणीय रहेको औल्याउनुभयो । रकमान्तर गर्दा आयोजनाको उद्देश्य र परिणाम हराएर जन्छ त्यसैले रकमान्तर गर्दा विवेकशील ढंगले गर्नुपर्ने, बजेट अनुशासन पालना गर्नुपर्ने भनी बताउनुभयो ।

- राजस्वको विषयमा चालु आ.व. मा कुन कर कसले र कति उठाउने भन्ने विषयमा अन्यौलता रहेको हुनाले साझा सूची अनुसार कर उठाउने सम्बन्धमा मापदण्ड तयार गरिएको, वित्तीय संघीयता कार्यान्वयनमा उदाहरणीय संस्थागत व्यवस्था कायम भएको, ठुलो समस्या सृजना नगरिकन राजस्वको बाँडफाड, लेखाप्रणाली, लेखा नियन्त्रण प्रणाली र लेखापरिक्षण प्रणाली समेत व्यवस्थापन भएको विषय राख्नुभयो ।

- आयोजना प्रमुखहरूले भुक्तानीको लागि कागजातहरू तयार गरी ताकेता गर्ने र निर्माण व्यवसायी आफैले कागजात पुरा गरेर खर्चको दावी गरी पेश गर्ने कुरामा सम्बन्धित माननीय मन्त्रिज्यूहरूले पनि निगरानी राखिदिएमा समयमा भुक्तानी हुने देखिन्छ  र यसो गरेमा विकास कार्यक्रम पनि असारमा सम्पन्न गर्ने र भुक्तानी पनि असारमा हुने भ्रमको अन्त्य गर्न सकिने विषय राख्दै परिणाममुखी विकास कार्यक्रममा जाने हो भने चाहे राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय वा सम्बन्धित मन्त्रालयले अपनत्व लिनुपर्ने जरूरी रहेको भन्दै नतिजा ढाँचा बनाएर कार्य अगाडि बढाएमा LMBIS को आवश्यकता नपर्ने विषय व्यक्त गर्नुभयो ।

## ३. आ.व.२०७५/७६ को दोश्रो चौमासिकको प्रगति स्थिति

### ३.१ आयोजना तथा कार्यक्रमको संख्या तथा प्राथमिकीकरण

आ.व. २०७५/७६ मा सञ्चालित कूल ३५८ आयोजनाहरुमध्ये क्रमशः राष्ट्रिय गौरवको आयोजना २२, पहिलो प्राथमिकता प्राप्त आयोजना २४० र दोस्रो प्राथमिकता प्राप्त आयोजना ९६ रहेका छन् ।

### ३.२ राष्ट्रिय गौरवका र पहिलो प्राथमिकता प्राप्त २६२ वटा विकास आयोजनाहरुको भौतिक प्रगति

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाहरुको संख्या ८९
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या : ७८
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरुको संख्या : ७८

यी आयोजनाहरुको मन्त्रालयगत विस्तृत विवरण पृष्ठ तीनमा प्रस्तुत गरिएको छ । ती मध्ये १७ आयोजनाहरुको हकमा प्रगति स्थिति/विवरण समेत प्राप्त नभएको अवस्था छ ।

### ३.३ आ.व. २०७५/७६ को वित्तीय प्रगति

आ.व. २०७५/७६ को कूल बजेट र महालेखा नियन्त्रक कार्यालयको विवरण अनुसारको खर्च स्थिति देहाय वमोजिम रहेको छ ।

**(रकम रु.करोडमा)**

| विवरण | चालू | पूँजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|
| कूल वार्षिक वजेट | ८४५४५ | ३१४०० | १५५७२ | १३१५१६ |
| कूल खर्च | ४०८३९ | ९०३१ | ४२१९ | ५४०९० |
| खर्च प्रतिशत | ४८.३० | २८.७६ | २७.९ | ४१.१३ |

### ३.४ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति :

राष्ट्रिय गौरवका २२ आयोजनाहरुको प्रगति स्थिति देहाय वमोजिम रहेको छ ।

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाको संख्या :- ७
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या :- ११
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या :- २
- प्रगति प्राप्त नभएका आयोजना संख्या २
  (पश्चिम सेती जलविद्युत र विद्युत प्रशारण लाइन आयोजना):

### ३.५ पहिलो प्राथमिकता प्राप्त विकास आयोजनाहरूको आ.व.२०७५/७६ को दोश्रो चौमासिकको भौतिक प्रगति सारांश

| क.सं. | मन्त्रालय/निकाय | P1 आयोजना/ कार्यक्रमको संख्या | प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | ८० % वा सो भन्दा वढी | ५० % देखि ७९ % सम्म | ५० % भन्दा कम | प्रगति नखुलेका आयोजनाको संख्या |
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३३ | १३ | ६ | १२ | २ |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७ | | २ | ५ | ० |
| ३ | वन तथा वातावरण मन्त्रालय | ११ | ५ | ५ | १ | ० |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९ | | ७ | १ | १ |
| ५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ९ | ६ | ३ | ० | ० |
| ६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४ | १ | १ | २ | ० |
| ७ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १४ | ६ | ५ | ३ | ० |
| ८ | खानेपानी मन्त्रालय | १२ | १ | ४ | ७ | ० |
| ९ | युवा तथा खेलकूद मन्त्रालय | ३ | | २ | १ | ० |
| १० | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ६ | ४ | २ | ० | ० |
| ११ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३ | १ | १ | १ | ० |
| १२ | ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | ५९ | २७ | १९ | १३ | ० |
| १३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ४५ | १६ | ८ | २१ | ० |
| १४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ३ | | २ | १ | ० |
| १५ | सहरी विकास मन्त्रालय | १३ | ४ | ३ | २ | ४ |
| १६ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १३ | ४ | ५ | २ | २ |
| १७ | गृह मन्त्रालय | २ | ० | ० | २ | ० |
| १८ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | ० | ० | | १ |
| १९ | अर्थ मन्त्रालय (विविध समेत) | १३ | १ | १ | ४ | ७ |
| २० | राष्ट्रिय योजना आयोग | १ | ० | १ | ० | ० |
| २१ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १ | ० | १ | ० | ० |
| | **जम्मा आयोजना** | **२६२** | **८९** | **७८** | **७८** | **१७** |

## ३.६ आर्थिक वर्ष २०७५/७६ को दोश्रो चौमासिक सम्मको मन्त्रालयगत खर्चको प्रगति विवरण (म.ले.नि.का. बाट प्राप्त विवरण अनुसार)

| क्र.स. | निकाय/मन्त्रालय | बजेट (रू. लाखमा) | | | | खर्च (रू. लाखमा) | | | प्रगति % | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालू | पूँजीगत | वित्तीय | जम्मा | चालू | पूँजीगत | जम्मा | चालु | पुंजिगत | जम्मा |
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९७३९६५ | ५८८८९७ | | १५६२८६२ | ३६१०८९ | १६५११२ | ५२६२०१ | ३७ | २८ | ३४ |
| २ | अर्थ मन्त्रालय | १२५४७० | ६७३५८ | १५४०४२३ | १७३३२५१ | २२१९३ | ३९०९ | २६१०२ | १७.७ | ५.८ | १३.५ |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २४९४५ | ४८०३९ | | ७२९८४ | १३६५२ | ८४४१ | २२०९३ | ५५ | १८ | ३० |
| ४ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ५०८५९ | ४०४५३९ | १६७३७ | ४७२१३५ | १५९७६ | १३६३६७ | १५२३४३ | ३१ | ३४ | ३२ |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५०३९ | ४२ | | ५०८१ | १५६७ | ९ | १५७६ | ३१ | २१ | ३१ |
| ६ | कृषि तथा पशुपंछी मन्त्रालय | २०२२०१ | २६२२४ | | २२८४२५ | १०६५०६ | ३७०१ | ११०२०७ | ५६ | १४ | ५१ |
| ७ | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | ८९१२६ | १२०६७ | | १०११९३ | २९५६१ | २८४३ | ३२४०४ | ३३ | २४ | ३२ |
| ८ | खानेपानी मन्त्रालय | ६६६५ | १७२७८९ | | १७९४५४ | २१६३ | २०७४८ | २२९११ | ३३ | १२ | १३ |
| ९ | गृह मन्त्रालय | ४७३३२१ | ६९८२३ | | ५४३१४४ | ३१५१२३ | १३८९२ | ३२९०१५ | ६७ | २० | ६१ |
| १० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २८४३८ | १२१३६ | | ४०५७४ | १०५८९ | १२९२ | ११८८१ | ३७ | ११ | २९ |
| ११ | परराष्ट्र मन्त्रालय | ३६०४४ | १६३२० | | ५२३६४ | २४११५ | ५२९४ | २९४०९ | ६७ | ३२ | ५६ |
| १२ | वन तथा वातावरण मन्त्रालय | १०३०४६ | ४२१५९ | | १४५२०५ | ३३२३० | ३०३८ | ३६२६८ | ३२ | ७ | २५ |
| १३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ७६७९६ | ९३७२८२ | | १०१४०७८ | ५६९७५ | ३६४०३२ | ४२१००७ | ७४ | ३९ | ४२ |
| १४ | महिला बालबालिका तथा | ९२७३ | १२५ | | ९३९८ | १७९२ | १३ | १८०५ | १९ | ११ | १९ |

| क्र.स. | निकाय/मन्त्रालय | बजेट (रू. लाखमा) | | | | खर्च (रू. लाखमा) | | | प्रगति % | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालू | पूँजीगत | वित्तीय | जम्मा | चालू | पूँजीगत | जम्मा | चालु | पुंजिगत | जम्मा |
| | जेष्ठ नागरिक मन्त्रालय | | | | | | | | | | |
| १५ | युवा तथा खेलकूद मन्त्रालय | १५१५७ | २२३९७ | | ३७५५४ | ९३९९ | ९८९५ | १९२९४ | ६२ | ४४ | ५१ |
| १६ | रक्षा मन्त्रालय | ३८३२४१ | ६७८४१ | | ४५१०८२ | २५३८२६ | ४१२५१ | २९५०७७ | ६६ | ६१ | ६५ |
| १७ | शहरी विकास मन्त्रालय | ४५५५४ | १७१००१ | | २१६५५५ | ३८८६९ | ६३३५९ | १०२२२८ | ८५ | ३७ | ४७ |
| १८ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४६२०६२ | ३३०२ | | ४६५३६४ | १९५२८८ | ७६६ | १९६०५४ | ४२ | २३ | ४२ |
| १९ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४३२६४ | १३१९४ | | ५६४५८ | २५१७१ | २८७९ | २८०५० | ५८ | २२ | ५० |
| २० | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ५३५९८२ | ७५३८५ | | ६११३६७ | २४६९१६ | २४५५० | २७१४६६ | ४६ | ३३ | ४४ |
| २१ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २५५११२ | ८५७११ | | ३४०८२३ | ८७२८७ | २४९५९ | ११२२४७ | ३४ | २९ | ३३ |
| २२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३७२५४ | २०७४ | | ३९३२८ | १७४१ | १०१ | १८४२ | ५ | ५ | ५ |
| २३ | राष्ट्रिय योजना आयोग | ६२७८ | २४८ | | ६५२६ | २६३० | ५७ | २६८७ | ४२ | २३ | ४१ |

## ४. राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७५/७६ को दोश्रो चौमासिक प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७५/७६ को वार्षिक बजेट, दोश्रो चौमासिक बजेट, दोश्रो चौमासिकको भौतिक तथा वित्तीय प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

| क.सं. | आयोजना | आ.व ०७५/७६ को वार्षिक बजेट (रु. करोडमा) | आ.व ०७५/७६ को दोश्रो चौमासिक बजेट (रु. करोडमा) | आ.व ०७५/७६ को दोश्रो चौमासिक लक्ष्यको तुलनामा भौतिक प्रगति (%) | आ.व ०७५/७६ को दोश्रो चौमासिक बजेटको तुलनामा वित्तीय प्रगति (%) |
|---|---|---|---|---|---|
| १. | सिक्टा सिंचाइ आयोजना | १४६ | ५०.५२ | ६७ | ६३.८ |
| २. | बबई सिंचाइ आयोजना | १२२ | ४१.३० | ६०.०२ | ५६.९४ |
| ३. | रानीजमरा कूलरीया सिंचाइ आयोजना | २१२ | १०६.३९ | ८१.६६ | ४०.०५ |
| ४. | भेरी बबई डाइभर्सन वहुउद्देश्यीय आयोजना | ६०९ | २४५ | ८१.०२ | ३.७६ |
| ५. | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ५७६.४० | २१३.१६ | ७६.४२ | ७५.५७ |
| ६. | वुढिगण्डकी जलविद्युत आयोजना | १७९९.९६ | ६९६.३७ | ६७.८७ | ६७.७१ |
| ७. | पश्चिम सेती जलविद्युत आयोजना | - | - | - | - |
| ८. | गौतम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | ६८३ | २०४ | ५८ | ३३ |
| ९. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | ६८० | ३२० | १०० | ७० |
| १०. | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | १४३ | ५६ | १०० | २०.९८ |
| ११. | पशुपति क्षेत्र विकास कोष | ३४.८७ | १३.८४ | ७५ | ४८.४० |
| १२. | लुम्विनी क्षेत्र विकास कोष | ५७.७१ | १६.५० | १०० | १०० |
| १३. | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | ७५० | ५०० | ७० | ७४.२६ |
| १४. | रेल्वे तथा मेट्रो विकास आयोजना | ४५०.०३ | १२३ | २३.१३ | ३४.०१ |
| १५. | हुलाकी लोकमार्ग | ५४५.२७ | २९८ | १०० | ९४.२५ |
| १६. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | ४७ | ११.९४ | ५२.५३ | ७३.१६ |
| १७. | उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग | १३३ | २३.४३ | ८१.८४ | ७२.७२ |
| १८. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | ३९.८० | १६.४२ | ७५.५ | ९०.५ |
| १९. | काठमाण्डौ तराई-मधेस द्रूतमार्ग | १५३९.७८ | ५८५.७८ | ६१ | ५९.५१ |
| २०. | मेलम्ची खानेपानी आयोजना | ७०७ | २५८.९१ | ५६.५१ | २४.६ |
| २१. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १६९ | ७८.७१ | ३६.६७ | २१.६९ |
| २२. | विद्युत प्रसारण आयोजना | - | - | - | - |

यी आयोजनाहरुको समष्टिगत लक्ष्य, आ.व. ०७५/७६ मा विनियोजित बजेट, यस आ.व. को दोश्रो चौमासिकमा भएका कार्य, प्रगति र कार्यान्वयनमा देखिएका समस्याहरु देहाय बमोजिम संक्षेपमा प्रस्तुत गरिएको छ ।

## १. सिक्टा सिंचाइ आयोजना

बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी राप्ती पश्चिम दाँयातर्फ ३३,७६६ हेक्टर एवम् राप्ती पूर्व बाँयातर्फ ९,००० हेक्टर गरी कुल ४२,७६६ हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व. २०७१/७२ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा सो अवधिमा सम्पन्न हुन नसकेकाले आ.व. ०७६/७७ मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ। आयोजनाको शुरु वर्ष २०६१/६२ को लागत अनुमान रु.१,२८० करोड रहेकोमा आ.व. ०७१/७२ को संशोधित लागत अनुमान रु.२५०२ करोड रहेको छ। यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.१४६ करोड विनियोजन गरिएको छ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.५०.५२ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ६७ प्रतिशत र वित्तीय प्रगति ६३.८ प्रतिशत रहेको छ। यस आ.व.मा जम्मा पूर्वी मूल नहर तर्फ २.६ कि.मि. निर्माण सम्पन्न भएको, २५ कि.मी. सम्म रुख कटान भएको तथा Settling basin को सिभिल निर्माण कार्य सम्पन्न भएको छ।

**आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु** : सिक्टा सिंचाइ आयोजनाको दायाँ मूलनहरमा विभिन्न समस्याहरु देखिएको हुनाले नहरमा पानी सञ्चालन गर्नुअघि तिनको उचित सम्बोधन हुनुपर्ने देखिन्छ। डुडुवा शाखा नहरको ठेक्का तोडिएको कारण नयाँ प्रक्रियामा जानु पर्ने देखिन्छ। यस्तै स्थानीय खोलानाला सतहमाथि उठ्न गई नहरमा पानी पस्दा क्षति हुन पुगेको छ।

## २. बबई सिंचाइ आयोजना

बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर (पूर्वमा २१,००० हे. र पश्चिममा १५,००० हे.) कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व.२०४५/४६ मा शुरु भई आ.व. २०६९/७० मा सम्पन्न हुने लक्ष्य रहेकोमा संशोधन भई आ.व.२०७८/७९ सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ। आयोजनाको अनुमानित शुरु लागत रु.२८७ करोड रहेकोमा संशोधित लागत अनुमान रु.१२६७ करोड पुगेको छ। यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.१२२ करोड विनियोजन गरिएको छ। आयोजनाको सबै बजेट नेपाल सरकारको आफ्नै स्रोतबाट विनियोजन भएको छ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.४१.३० करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ६०.०२ प्रतिशत र वित्तीय प्रगति ५६.९४ प्रतिशत रहेको छ। आयोजनाको पूर्वी तथा पश्चिम सिंचाइ प्रणालीका लागि संयुक्त रुपमा प्रयोग हुनेगरी बबई नदीमा ३१५ मिटर पूल सहितको बाँध (weir cum bridge) निर्माण भएको छ। पूर्वी प्रणालीतर्फ ३३.९७ कि.मि. मूल नहरमा ३२.५ कि.मि. रिमोडेलिङ तथा लाइनिङ कार्य सम्पन्न भएको छ। पश्चिम प्रणालीतर्फ ४३ कि.मि. मूल नहर मध्ये २२ कि.मि. निर्माण कार्य सम्पन्न गरिएको छ। पूर्वी बबई सिंचाइ प्रणाली तर्फको शाखा प्रशाखा नहर तर्फ करिब ७.५ कि.मि. नहरको लाइनिङ तथा आवश्यक पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ। पश्चिम बबई सिंचाइ प्रणाली तर्फको सानोश्री-ताराताल नहर खण्डको नहर निर्माणका लागि आवश्यक जग्गा प्राप्त करिब २ कि.मि. मूल नहर लाइनिङ सम्पन्न भएको छ भने बाँकी जग्गाका लागि मुआब्जा निर्धारण सम्पन्न भई मुआब्जा वितरण गरी निर्माण कार्य अगाडी बढाइएको छ।

**आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु :** पानीको श्रोतको कमी (बबई नदीमा बाह्रै महिना आवश्यक/पर्याप्त पानीको बहाव नहुनु), जग्गा प्राप्तीको समस्या, नदिजन्य निर्माण सामाग्रीको कमी (बर्दिया राष्ट्रिय निकुन्ज तथा मध्यवर्ती क्षेत्र रहेकोले आवगमन, निर्माण सामाग्री ओसार पसार, हेभी ईक्युपमेन्ट आवत जावतमा प्रतिबन्धात्मक अवस्था हुनु) तथा बाढी, भुक्षय, डुवान र कटान जस्ता प्रमुख विद्यमान समस्याहरु रहेका छन्।

### ३. रानीजमरा कुलरीया सिंचाइ आयोजना

यस आयोजनाले कैलाली जिल्लाका साविकका ८ वटा गा.वि.स. (हालको जानकी गाउँपालिका) र २ नगरपालिका समेत गरी २०,३०० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने तथा सिंचाइ प्रणालीहरुको आधुनिकीकरण गर्ने लक्ष्य लिएको छ । यस आयोजना आ.व. २०६७/६८ बाट सुरु भई संशोधित कार्यतालिका अनुसार आ.व. २०८०/८१ मा सम्पन्न हुने लक्ष्य लिएको छ । आयोजनाको कूल लागत रु.२७७० करोड लाग्ने अनुमान छ । यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.२१२ करोड विनियोजन भएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु. १०६.३९ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ८१.६६ प्रतिशत र वित्तीय प्रगति ४०.०५ प्रतिशत रहेको छ । आयोजनाको साइट इन्टेक निर्माण कार्य सम्पन्न भएको छ । इन्टेक संरचना गेट installation तथा भवन निर्माण कार्यका निम्ति निर्माण व्यवसायी छनौट भई साइट मोविलाइज भएको छ । मूल नहरमा ब्यारेल निर्माण कार्य सम्पन्न भएको छ भने Settling basin निर्माण कार्य अन्तिम चरणमा रहेको छ । ९ कि.मि. फिडर नहर लाइनिंग कार्य सम्पन्न भएको र ११७ कि.मि. कृषि सडक स्तरोन्नती कार्य सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु :** लम्की विस्तार (६,००० हेक्टर) अन्तर्गत मूल नहरको रेखांकनमा परेका घर, जग्गाको कारणले सर्वेक्षण एवं निर्माणमा अवरोध भएकोमा सम्बन्धित प्रभावित स्थानीय व्यक्तिहरु, जिल्ला समन्वय समिति, लम्की चुहा नगरपालिका र आयोजनाबीच बिभिन्न चरणको छलफल, बैठकबाट सर्वेक्षणको कार्य सम्पन्न भएता पनि जग्गाको अधिग्रहण कार्य भने बाँकी रहेको छ । लामो समयदेखि ऐलानी जग्गाको भोग चलन हुँदै आएकोले छुटै प्रक्रियाबाट जग्गा प्राप्ति गर्नु पर्ने अवस्था रहेको छ । यस्तै पूर्व क्षतिपूर्ति लिएका व्यक्तिहरुले समेत इन्टेक क्षेत्र भित्रको जग्गा अनधिकृत अतिक्रमण गर्ने गरेको विषय समस्याको रुपमा रहेको छ ।

### ४. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

यस आयोजनाले बाँके र बर्दिया जिल्लाको करिव ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने र ४८ मे.वा. जलविद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ । बाह्रै महिना सिंचाइ उपलब्धताबाट कृषि उत्पादन बढ्न गई वार्षिक ३.१ अर्व अप्रत्यक्ष तथा विद्युतबाट २.१ अर्ब प्रत्यक्ष आम्दानी हुने अनुमान छ । यस आयोजना आ.व. २०६८/६९ मा शुरु भई आ.व. २०७६/७७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधित तालिका अनुसार आ.व. २०७९/८० मा सम्पन्न हुने लक्ष्य रहेको छ। आयोजनाको कूल लागत रु.१६४३ करोड लाग्ने अनुमान गरिएकोमा संशोधित लागत (२०७५/८/१० मा स्वीकृत भए अनुसार) रु.३३१९.६६ करोड पुगेको छ । यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा कूल रु.६०९ करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.२४५ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ८१.०२ प्रतिशत र वित्तीय प्रगति ३.७६ प्रतिशत रहेको छ । यस आ.व. को २०७५ फाल्गुण मसान्त सम्ममा जम्मा १२.२ कि.मि. सुरुङ्ग मध्ये ११.६ कि.मि. निर्माण कार्य सम्पन्न भैसकेको छ। सुरुङ्ग निर्माण कार्यको सम्झौता अवधि सन् २०२० मार्चसम्म भएता पनि चालु आ.व. मा नै सुरुङ्ग निर्माण कार्य सम्पन्न भै ब्रेक थ्रु भएको छ । यस्तै हाइड्रो र इलेक्ट्रोमेकानिकल लागत अनुमान स्वीकृतिको लागि विभागमा पेश भएको छ भने प्राप्त गर्नु पर्ने जग्गाको नापजाँच र एकिन गर्ने कार्य भैरहेको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु :** संस्थागत क्षमता अभिवृद्धिसम्बन्धी तालिमको कमी र डलर सटहीमा समस्या आदि आयोजनाको समस्याको रुपमा रहेका छन् ।

## ५. माथिल्लो तामाकोशी जलविद्युत आयोजना

कूल ४५६ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने लक्ष्य राखेको यो आयोजना दोलखा जिल्लामा अवस्थित छ । आ.व. २०६७/०६८ देखि शुरु भई आ.व. २०७२/७३ मा सम्पन्न हुने अनुमान रहेको भएतापनि भूकम्प, दक्षिण सीमा क्षेत्रमा भएको अवरोध लगायतको कारणबाट यस आयोजना आ.व. २०७६/७७ मा सम्पन्न हुने संशोधित कार्यतालिका रहेको छ । आयोजनाको शुरु लागत अनुमान रु.३५२९ करोड रहेकोमा निर्माण अवधि लम्बिन गएको कारणले संशोधित लागत रु.४९२९ करोड हुने अनुमान छ । यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.५७६.४० करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.२१३.१६ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ७६.४२ प्रतिशत र वित्तीय प्रगति ७५.५७ प्रतिशत रहेको छ । हालसम्म आयोजनाको हेडवर्कर्स् कन्क्रिटिङ कार्य ९९.९० प्रतिशत सम्पन्न भएको छ । मुख्य सुरुङ्ग खन्ने कार्य र अन्य सुरुङ्ग खन्ने कार्य सम्पन्न भएको छ । Tailrace, विद्युतगृह र ट्रान्स्फर्मर क्याभर्न खन्ने तथा कन्क्रिटिङको निर्माण कार्य सम्पन्न भएको छ । आयोजनाको मुख्य लटहरुको निर्माण तथा जडान कार्य आ.व. २०७६/७७ भित्र सम्पन्न गरी विद्युत उत्पादन गर्ने गरी कार्य अघि बढीरहेको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु :** ठूला भारवहन भएका उपकरणहरुलाई ढुवानी गर्ने क्रममा कठिनाई आई उपकरण जडान कार्य प्रभावित हुनु यस आयोजनाको प्रमुख समस्याको रुपमा रहेको छ । Penstock pipe ढुवानी गर्ने क्रममा सडकमा भएका खाल्डाखुल्डीहरू पर्न गएकाले त्यसलाई सम्याइदिन र अन्य आवश्यक समन्वय गरिदिन सडक विभागलाई विशेष अनुरोध गरिएको छ ।

## ६. बुढीगण्डकी जलविद्युत आयोजना

बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको निर्माणबाट कूल १२०० मेगावाट विद्युत उत्पादन गरी मुलुकको आर्थिक सामाजिक रुपान्तरणका लागि आवश्यक विद्युतीय उर्जा उपलब्ध गराउने लक्ष्य लिएको यस आयोजना धादिङ्ग र गोरखा जिल्लामा रहेको छ । यस अयोजना आ.व. २०६९/७० मा सुरु भई आ.व. २०८२/०८३ मा सम्पन्न गर्ने संशोधित कार्यतालिका रहेको छ । आयोजनाको कूल लागत रु.२ खर्ब ६० अर्व लाग्ने अनुमान रहेको छ । यस आयोजनाका लागि चालू आ.व. २०७५/७६ मा रु.१७९९.९६ करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.६९६.३७ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ६७.८७ प्रतिशत र वित्तीय प्रगति ६७.७१ प्रतिशत रहेको छ । गोरखा र धादिङ्ग तर्फ हालसम्म ११०२७ जग्गा धनीलाई ३८१९२ रोपनी जग्गाको रु.२२ अर्व ७८ करोड ३४ लाख मुआब्जा वितरण गरिएको छ । डुवान क्षेत्रको गोरखा जिल्ला तर्फ ३००७८ रोपनी जग्गामध्ये आरुघाट र आरुखेत बजार क्षेत्र बाहेक र धादिङ जिल्ला तर्फ २८०७५ रोपनी मध्ये आरुघाट र खहरे बजार क्षेत्र बाहेकका क्षेत्रका जग्गाहरुको मुआब्जा निर्धारण सम्पन्न भएको छ । यस्तै गोरखा र धादिङ जिल्ला तर्फ बाँकी रहेको स्थानको जलाशय वरीपरी सीमाङ्कन कार्य र सडक सर्भेको Inception Report प्राप्त भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** पुनर्वास/पुनर्स्थापना नीति तयार नहुनु, दरबन्दी अनुसारको कर्मचारीहरुको पदपूर्ति नहुनु, मुआब्जा रकम फरक फरक वर्षमा भुक्तानी भएको हुनाले पछि मुआब्जा पाउनेहरुले मुल्य अभिवृद्धि बापतको रकम थप माग गर्नु र अधिग्रहण भएका जग्गाका जग्गा धनीहरुवाट पुँजिगत लाभकर नलिन माग गर्नु आदि जस्ता समस्याहरु रहेका छन् ।

### ७. पश्चिम सेती जलविद्युत आयोजना

कार्यान्वयन क्षेत्र डोटी, डडेलधुरा, बैतडी र बझाङमा रहेको यस आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन गर्ने अनुमान गरिएको छ। यस आयोजना सम्बन्धमा लगानी बोर्डले आवश्यक अध्ययन कार्य गरिरहेको छ।

आयोजना विकासको लागि China Three Gorge International Corporation (CTGI) सँग संयुक्त लगानी सम्झौता सम्पन्न भएकोमा विभिन्न कारणहरु देखाई CTGI ले आयोजना अघि बढाउन असमर्थता प्रकट गरेकोले आयोजनाको विकास एवं निर्माणको कार्य तत्काल अघि बढाउन आयोजनाको विकास ढाँचा (Development Modality) तय गर्न ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री, अर्थ मन्त्री र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत रहेको समिति गठन भएको छ।

### ८. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

रुपन्देही जिल्लामा अवस्थित मौजुदा गौतम बुद्ध विमानस्थलको धावनमार्गलाई (१५०० मि.x ३० मि.) स्तरोन्नती गरी (३००० मि.X४५ मि.) को नयाँ धावनमार्ग, अन्तर्राष्ट्रिय भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण तथा जीवन उद्धार भवन लगायत सञ्चार तथा पथप्रदर्शक सामग्रीहरु जडान गरी अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गर्ने र मुलुकमा अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन विकास गर्ने लक्ष्य यस आयोजनाले राखेको छ। यस आयोजना सन् २०१५ मा सुरु भई सन् २०१७ को डिसेम्बरमा सम्पन्न हुने अपेक्षा गरिएको भएतापनि हाल दोस्रो पटक २८ जुन, २०१९ सम्म म्याद थप गरिएको छ। यस आयोजनाको चालू आ.व. २०७५/७६ मा कूल रु.६८३ करोड विनियोजन गरिएको छ। कूल रु.६८३ करोडमध्ये नेपाल सरकारबाट रु.४१६ करोड र अनुदान मार्फत रु.२६७ करोड विनियोजन गरिएको छ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.२०४ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ५८ प्रतिशत र वित्तीय प्रगति ३३ प्रतिशत रहेको छ। विमानस्थलको भौतिक निर्माण (भवन तर्फ) को कार्य ८० प्रतिशत सम्पन्न भएको छ भने Security Building को ४० प्रतिशत र Cargo Building को १५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। विमानस्थलको रनवे कालोपत्रे गर्ने कार्य करिब ८० प्रतिशत सम्पन्न भएको छ। यस्तै सम्पूर्ण Building Structure को निर्माण कार्य सम्पन्न भई छाना र फिनिसिङको कार्य भईरहेको छ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्या :** नेपाली प्राविधिक कामदार उपलब्ध नभएको र विदेशी दक्ष प्राविधिक कामदार काममा लगाउनु पर्ने भएको तर नेपालको श्रम ऐन अनुसार समग्र कामदारको ५ प्रतिशत विदेशी कामदारलाई मात्र Working Visa उपलब्ध हुने हुदाँ काममा बाधा पुग्नु समस्याको रुपमा रहेको छ।

## ९. पोखरा अन्तर्राष्ट्रिय विमानस्थल

कास्की जिल्लाको पोखरा महानगरपालिकामा बिगत ४० वर्षदेखि अधिग्रहण गरिएको जग्गामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी सञ्चालन गर्ने लक्ष्य रहेको छ । आ.व. २०६४/६५ देखि प्रारम्भिक कार्य शुरु गरी आ.व. २०७३/७४ देखि निर्माण कार्य सुरु गरिएको यस आयोजना आ.व. २०७७/७८ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजना निर्माणको कूल लागत अनुमान रु.२१६० करोड रहेको छ। आयोजना निर्माणका लागि चालू आ.व. २०७५/७६ मा रु.६८० करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.३२० करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ७० प्रतिशत रहेको छ। यस विमानस्थलको धावनमार्गमा Slurry Seal कार्य सम्पन्न भएको र अन्य भागमा जारी रहेको छ । यस्तै पोखराका लागि Fire Vehicle को सम्झौता भएको छ । आयोजनाको समग्र भौतिक निर्माण कार्य करिब ३० प्रतिशत सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** जमिन खन्ने क्रममा अनपेक्षित रुपमा कडा माटो देखा परेको कारण अपेक्षित भौतिक प्रगति हासिल गर्न कठिनाई हुनु र विमानस्थलको लागि आवश्यक थप जग्गा अधिग्रहणमा स्थानीय वासिन्दाहरुबाट विरोध हुनु जस्ता प्रमुख समस्या रहेका छन् ।

## १०. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

सुविधासम्पन्न तथा वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा बारा जिल्लाको निजगढमा विमानस्थल निर्माण गर्ने कार्य सुरु भएको छ । आ.व. २०७१/७२ मा सुरु भएको यस आयोजना आ.व. २०९१/९२ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। यस आयोजनाका लागि चालू आ.व. २०७५/७६ मा रु.१४३ करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.५६ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति २०.९८ प्रतिशत रहेको छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत भएको छ । यस आयोजनाको Consulting Service for Master Planning and Detailed Design of First Phase खरिदका लागि RFP मूल्यांकनको चरणमा रहेको छ। विमानस्थललाई आवश्यक अधिकांश जग्गा अधिग्रहणको कार्य सम्पन्न भएको छ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** आयोजनाको मध्य भागमा पर्ने १४३९ घरधुरी रहेको टाँगिया बस्तीको स्थानान्तरणको विषय प्रमुख समस्याको रुपमा रहेको छ । उक्त समस्या समाधानका लागि स्थानीय र सरोकारवाला सबै निकायहरुसंग छलफल गरी वस्ती स्थानान्तरणको विकल्प खोजी कार्य भैरहेको छ।

## ११. पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्र विकास कोषको गुरुयोजना अनुसार योजनावद्ध विकास कार्यक्रमहरुको माध्यमद्वारा पशुपति क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्यटनको नमूना क्षेत्रका रुपमा विकास गर्ने लक्ष्य रहेको छ। यस गुरुयोजना आ.व. २०५७/५८ मा सुरु भई आ.व. ०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि सबै कार्यहरु सम्पन्न हुन नसकेकोले आ.व. ०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनालाई चालू आ.व. २०७५/७६ मा रु.३४.८७ करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.१३.८४ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ७५ प्रतिशत र वित्तीय प्रगति ४८.४० प्रतिशत रहेको छ। ४०० शैयाको नेपाल भारत मैत्री पशुपति धर्मशाला भवन नेपाल तथा भारतका प्रधानमन्त्रीबाट संयुक्त रुपमा समुद्घाटन भएको छ । हाल लक्ष्मी बैंकको सहयोगमा दर्शनार्थी सुविधाका लागि २ वटा सफा टेम्पु संचालनमा ल्याइएको छ। पशुपति क्षेत्रलाई सवारी निषेधित क्षेत्र र मगन्तेरहित क्षेत्र घोषणा गरिएको छ। दोस्रो गुरुयोजना स्वीकृत गर्ने र पुनःनिर्माण कार्यलाई तिव्रता दिने यस आयोजनाको आगामी कार्ययोजनाको रुपमा रहेको छ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** एउटै निर्माण व्यवसायीले एक भन्दा बढी काम एकै समयमा लिने हुनाले निर्माण कार्यमा ढिलाइ भएको र सुरक्षाको दृष्टिकोणले पटक पटक काम रोक्नु परेको जस्ता मुख्य समस्याहरु रहेका छन्।

## १२. लुम्बिनी क्षेत्र विकास कोष

लुम्बिनी गुरुयोजना अनुसार गौतम बुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवम् शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा विकास निर्माण गर्ने लक्ष्य यस कोषले राखेको छ। यस गुरुयोजनाको काम आ.व. २०६९/७० मा सुरु भई आ.व. २०७७/०७८ मा सम्पन्न गर्ने कार्यतालिका रहेको छ। आयोजनाको सुरु लागत अनुमान रु.५ अर्व ५० करोड रहेकोमा संशोधित लागत अनुमान रु.६ अर्व १० करोड रहेको छ। चालू आ.व. २०७५/७६ मा यस आयोजनाका निम्ति रु.५७.७१ करोड विनियोजन गरिएको छ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.१६.५० करोड रहेकोमा दोश्रो चौमासिक भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति १०० प्रतिशत रहेको छ। निर्माणाधिन Water Reservoir Tank, Overhead Tank / Water Supply System निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। ५००० जना क्षमताको सभाहल निर्माण कार्य र विद्युतीय व्यवस्थापन कार्य तीव्र गतिमा चलिरहेको छ। विद्युतीय व्यवस्थापन तथा टेलिकम्युनिकेशन अन्तर्गत आधुनिक संचार प्रविधिको कार्य पनि तीव्र गतिमा चलिरहेको छ र उत्तरी क्षेत्रमा रहेको पोखरीको छेउमा कोलोन्याड, सिम्बोलिक पेभिलियन निर्माण कार्य द्रुत गतिमा चालु रहेको छ। देवदेहको भवानीपुरमा सूचना केन्द्र सहितको बहुआयामिक भवन निर्माण कार्य सम्पन्न भएको छ भने कपिलवस्तुको तिलौराकोट पुरातात्विक क्षेत्र तथा रामग्राम स्तुप परिक्रमा गर्ने पैदल मार्ग निर्माण कार्य चालु रहेका छन्।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** ४० वर्ष अगाडि अन्तर्राष्ट्रिय सहयोग र डिजाइनमा तयार भएको लुम्बिनी गुरुयोजना सम्पन्न गर्न पर्याप्त बजेट तथा दक्ष जनशक्तिको अभाव रहेको र सुरुका वर्षहरुमा भएका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप सहयोग प्राप्त हुन नसकेको जस्ता विषय प्रमुख समस्याको रुपमा रहेका छन्।

## १३. पुष्पलाल (मध्य पहाडी) लोकमार्ग

नेपालको पूर्वको पाँचथर जिल्लाको चियोभञ्ज्याङ्गदेखि पश्चिमको बैतडी जिल्लाको झुलाघाटसम्म डबल लेन स्तरमा कालोपत्रे सहितको सडक निर्माण गर्दै पहाडका वस्तीहरुमा यातायातको सहज पहुँच विस्तार गर्ने लक्ष्य सहित कूल संशोधित लम्बाई १८७९ कि.मि. र १३० वटा पुल निर्माण लक्ष्य रहेको यस लोकमार्गले मध्य पहाडी क्षेत्रका जिल्लाहरुलाई यातायात संजालमा जोडी आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक विकासमा योगदान गर्ने अपेक्षा गरिएको छ। यो आयोजना आ.व. २०६४/६५ देखि सुरु भएको र आ.व. २०७४/७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७८/७९ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजनाको कुल संशोधित बजेट रु.८०१४ करोड रहेको छ भने चालू आ.व. २०७५/७६ मा संशोधन सहित रु.७५० करोड कुल बजेट विनियोजन गरिएको छ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यो आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु. ५०० करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ७४.२६ प्रतिशत रहेको छ। चालु आ.व. मा यस सडक खण्डमा ३५ कि.मि. कालोपत्र गर्ने कार्य सम्पन्न भएको छ। साथै चालु आ.व मा जम्मा १२ वटा पूल निर्माण गर्ने लक्ष्य रहेकोमा ११ वटा पूल निर्माण कार्य सम्पन्न भएको छ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु** : सडक सीमा एकिन नहुनु, निर्माण सामाग्रीको सहज उपलब्धता नहुनु, जलाशययुक्त आयोजनाहरुको प्रभाव क्षेत्र एकिन नहुँदा निर्माणमा दुविधा रहनु, Utility Relocation कार्य झन्झटिला हुनु र मुआब्जा वितरण सम्बन्धमा अवरोध हुनु जस्ता प्रमुख समस्याहरु रहेका छन्।

## १४. रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, रेल विभाग अन्तर्गत रहेको रेल, मोनोरेल तथा मेट्रोरेल विकास आयोजना आ.व. २०६६/६७ देखि कार्यान्वयन भैरहेको छ। रेलमार्गको विकासबाट देशको आर्थिक सामाजिक विकासमा टेवा पुर्‍याउने उद्देश्यका साथ स्थापित यस आयोजनाले मुख्य तया पूर्व-पश्चिम रेलमार्ग, काठमाडौ-वीरगंज रेलमार्ग, केरुङ्ग-काठमाण्डौ-पोखरा-लुम्विनी रेलमार्ग तथा भारतीय रेलसँग जोड्ने गरी विभिन्न ६ स्थानमा अन्तरदेशीय रेलमार्ग निर्माणमा आफ्ना क्रियाकलापहरु केन्द्रित गर्दै अगाडि बढेको छ। यस आयोजना निर्माणको कूल लागत अनुमान रु.७०९७ करोड रहेको छ। चालू आ.व. २०७५/७६ मा यस आयोजनाका निम्ति रु.४५०.०३ करोड विनियोजन गरिएको छ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु. १२३ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति २३.१३ प्रतिशत र वित्तीय प्रगति ३४.०१ प्रतिशत रहेको छ। आयोजनाको मेची महाकाली विद्युतिय रेलमार्गको काकरभिट्टा बर्दिबास र बुटवल गड्डाचौकी खण्डको ९५१ कि.मि. विस्तृत सर्वेक्षण कार्य सम्पन्न भएको छ। निजगढ हेटौंडा भरतपुर रेलमार्गको विस्तृत सर्वेक्षण कार्य सम्बन्धमा परामर्शदातासँग सम्झौता गर्ने प्रकृयामा रहेको छ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** रेलमार्गमा पर्ने जग्गाहरुको मुआब्जा निर्धारणमा समस्या हुनु, नदीजन्य निर्माण सामाग्रीको उत्खनन्मा कठिनाइ हुनु, समग्र लक्ष्य प्राप्तिको लागि आवश्यक बजेटको तुलनामा अत्यन्त न्यून बजेट विनियोजन हुनु र जनशक्तिको अभाव हुनु जस्ता प्रमुख समस्याहरु रहेका छन्।

## १५. हुलाकी लोकमार्ग

नेपालको पूर्व पश्चिम हुँदै तराईका वस्तीहरुमा यातायातको सहज पहुँच विस्तार गर्ने लक्ष्य लिएको यस हुलाकी लोकमार्ग आयोजनाले पूर्वमा झाँपा केचनादेखि पश्चिममा कंचनपुर दोधारा चाँदनीसम्मको भू-भागलाई जोड्ने छ। यस आयोजनाको कूल प्रारम्भिक लागत अनुमान करिब रु. ४७२७ करोड रहेकोमा संशोधित लागत रु. ६५२० करोड रहेको छ। यस आयोजनामा नेपाल सरकार तथा भारत सरकारबाट प्राप्त हुने अनुदान रकमबाट लागत व्यहोरिने छ। आ.व. २०६५/६६ मा शुरु भई आ.व. २०७४/७५ मा सम्पन्न हुने प्रारम्भिक अनुमान गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस आयोजनाको कूल लम्बाई १७९२.४२ कि.मि. रहेको छ जस मध्ये पूर्व देखि पश्चिम तर्फको लम्बाई ९७५ कि.मि. रहेको छ भने उत्तर दक्षिण जोड्ने सहायक सडकहरुको (२८ वटा सडकहरु) लम्बाई ८१७.४२ कि. मि. छ। यस आयोजनाले सडक निर्माण तथा स्तरोन्नति र २१९ वटा पूलहरुको निर्माण गर्ने लक्ष्य लिएको छ। यस आयोजनाका लागि चालू आ.व. २०७५/७६ मा रु.५४५.२७ करोड विनियोजन गरिएको छ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.२९८ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ९४.२५ प्रतिशत रहेको छ । यस आयोजनाको दोश्रो चौमासिकमा १२४ कि.मि. सडकको कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ । यस्तै यस चौमासिकमा जम्मा ३ वटा पुलको निर्माण कार्य सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** विभिन्न सडकमा Alignment विवाद तथा अदालतमा मुद्दा बिचाराधीन रहेकोले काममा अवरोध भैरहेको, सहरी क्षेत्रमा (Builtup Area) सडक सीमाको विवाद, निर्माण सामाग्रीको कठिनाई, Utility Relocation र Electric Pole Shifting कार्यमा अपेक्षित सहयोग प्राप्त नहुनु र भारतीय अनुदान सहयोगमा निर्माणाधीन सडकमा स्थानीय बासिन्दाहरुले मुआब्जा तथा क्षतिपूर्ति नपाएसम्म सडक सीमा खाली नगर्ने जिकिर गरेकाले निर्माण कार्य गर्न कठिन भैरहेको आदि समस्याको रुपमा रहेका छन् ।

### १६.उत्तर दक्षिण (कोशी) लोकमार्ग

तेह्रथुम जिल्लाको वसन्तपुरदेखि उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण एवम् स्तरोन्नति गर्ने लक्ष्य यस आयोजनाले लिएको छ । आ.व. २०६५/६६ मा सुरु भई २०७०/७१ मा सम्पन्न हुने प्रारम्भिक अनुमान भएपनि पुनः म्याद थप गरी आ.व. २०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाको संशोधित लागत अनुमान रु.१६२० करोड रहेको छ । चालू आ.व. २०७५/७६ मा यस आयोजनाको लागि रु.४७ करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु. ११.९४ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ५२.५३ प्रतिशत र वित्तीय प्रगति ७३.१६ प्रतिशत रहेको छ । यस आ.व. को दोश्रो चौमासिकमा ८ कि.मि. सबवे निर्माण गर्ने कार्य सम्पन्न भएको छ । यस सडक खण्डको १६२ कि.मि. मध्ये १४८ कि.मि. ट्र्याक खोलिएको छ र ४५ कि.मि. सडकमा ग्राबेल गर्ने काम सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** विस्फोटक पदार्थको अभाव हुनु र घर टहराहरु सडकको रेखाङ्कनमा परेको कारणले स्थानीय स्तरबाट क्षतिपूर्तिको माग गरी निर्माण कार्य अवरुद्ध गर्ने गरेको हुदाँ सडक निर्माणको प्रगतिमा असर पर्नु जस्ता प्रमुख समस्या रहेका छन् ।

### १७. उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग

यस आयोजनाले नवलपरासी, पाल्पा, तनहूँ, स्याङजा, गुल्मी, बाग्लुङ्ग, पर्वत, म्याग्दी मुस्ताङ्ग जिल्ला समेटेको छ । कूल लम्बाई ४३५ कि.मी. रहेको यो आयोजना आ.व. २०६५/६६ मा सुरु भई आ.व. २०७६/०७७ सम्ममा सम्पन्न हुने लक्ष्य रहेकोमा संशोधित कार्यतालिका बमोजिम म्याद थप गरी आ.व. २०७८/०७९ सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ । चालू आ.व. २०७५/७६ मा यस आयोजनाको बेनी जोमसोम कोरला सडक खण्डमा रु. ८६ करोड, गैडाकोट राम्दी मालढुङ्गा सडक खण्डमा रु.३७ करोड र रिडी रुद्रबेनी पालू खोला, मालढुङ्गा खण्ड अन्तर्गत नेपाली सेना मार्फत रु.१० करोड (प्रथम चौमासिक तथा दोश्रो चौमासिकको २ महिनाको लागि मात्र) गरी जम्मा रु.१३३ करोड विनियोजन भएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.२३.४३ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ८१.८४ प्रतिशत र वित्तीय प्रगति ७२.७२ प्रतिशत रहेको छ । यस चौमासिकमा नेपाली सेनाद्वारा संचालित आयोजनातर्फ ९ कि.मि. ट्र्याक निर्माण गर्ने कार्य सम्पन्न भएको छ । कालीगण्डकी कोरिडोर अन्तगर्तको बेनी जोमसोम कोरला सडक खण्डमा ५ कि.मि. ट्र्याक खोल्ने तथा ४ कि.मि. ग्राबेल

गर्ने कार्य सम्पन्न भएको छ । यस्तै गैडाकोट राम्दी मालढुङ्गा सडक खण्डमा २ कि.मि. ट्रयाक निर्माण तथा १० कि.मि. ग्राबेल गर्ने कार्य सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** यातायातको चाप बढ्दै गएको कारण निर्माण कार्यमा समस्या भएको, चिसो हावापानी तथा उचाइको कारण कामदारहरु काम गर्न नसकि फिर्ता हुने गरेको र केही कामदारहरुको मृत्यु समेत भएको, हिउँदको समयमा चिसोको कारण मेशिन नचल्ने समस्या रहेको, नदीजन्य पदार्थको उत्खनन् एवं संकलनमा अवरोध/रोकावट भ्केल्नु परेको र वनसँग सम्बन्धित समस्या (रेखांकन विवाद) आदि जस्ता प्रमुख समस्या रहेका छन् ।

### १८. उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

यस आयोजना मार्फत खुलालु-सिमिकोट खण्डमा करिब १४५ कि.मि. र हिल्सा-सिमिकोट खण्ड (हुम्ला) मा ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ । यस आयोजना आ.व. २०६५/६६ देखि शुरु भई आ.व. २०७०/७१ मा सम्पन्न हुने अपेक्षा गरिएकोमा संशोधन गरी आ.व. २०७९/८० मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ । चालु आ.व. २०७५/७६ मा यस आयोजनाको हिल्सा सिमिकोट सडक खण्डमा रु.१९.८० करोड र नेपाली सेनाद्वारा सञ्चालित खुलालु लैफु सिमिकोट खण्डमा रु.२० करोड गरी जम्मा रु.३९.८० करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.१६.४२ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ७५.५ प्रतिशत र वित्तीय प्रगति ९०.५ प्रतिशत रहेको छ । यस चौमासिकमा आयोजनाको हिल्सा सिमिकोट सडक खण्डमा ४.२ कि.मि. नयाँ ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ । नेपाली सेनाद्वारा संचालित खुलालु-लैफु-सिमिकोट खण्डमा दोश्रो चौमासिक लक्ष्य बमोजिम ३ कि.मि. ट्रयाक निर्माण कार्य सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** कठिन भौगोलिक अवस्थाको कारण निर्धारित Right Of Way पुऱ्याउन कठिन हुनु, सञ्चारको समस्या हुनु र चीनको बाटो भै निर्माण उपकरण तथा इन्धन ढुवानीको अनुमतिको लागि कठिनाई हुनु र आयोजनाको लालिघाट इलाका कर्णाली नदीमा पुल नभएको कारण ढुवानीमा समस्या पर्नु जस्ता विषय आयोजनाका प्रमुख समस्याहरुको रुपमा रहेका छन् ।

### १९. काठमाण्डौ तराई-मधेस द्रुतमार्ग

बारा जिल्लाको निजगढदेखि तराईका जिल्ला हुँदै राजधानी काठमाण्डौंसम्म चार लेनमा निर्माण हुने छोटो दूरीको यो द्रुतमार्ग आयोजनाको कूल लम्वाई ७६.४ कि.मि. रहेको छ । हाल नेपाल सरकारको निर्णयबाट आयोजना सञ्चालन कार्यविधि, २०७४ स्वीकृत भई नेपाली सेनाको व्यवस्थापनमा कार्यान्वयन भइरहेको छ । नेपाली सेनाबाट उक्त आयोजना आ.व. २०७४/७५ देखि सुरु भई ०७८/७९ मा सम्पन्न हुने अनुमान रहेको छ । यस आयोजनाको कूल अनुमानित लागत रु.११,६०० करोड रहेको छ भने चालू आ.व. ०७५/७६ मा रु.१५३९.७८ करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.५८५.७८ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ६१ प्रतिशत र वित्तीय प्रगति ५९.५१ प्रतिशत रहेको छ । आयोजनाको डि.पि.आर तयार गर्ने कार्य सम्पन्न भई स्वीकृतिको लागि सम्बन्धित मन्त्रालयमा पेश गरिएको छ । ६ वटा परामर्शदाताहरुको पूर्व योग्यता छनौट भई RFP Issue गर्ने क्रममा रहेको छ । निर्माणाधीन ५४ कि.मि. खण्डभित्र सब ग्रेड लेभलसम्म कटिङ्ग कार्य सम्पन्न भएको छ । दोस्रो चौमासिकसम्म १५२७ गोटा रुख कटान गर्ने लक्ष्य रहेकोमा १३७२

गोटा रुख कटान कार्य सम्पन्न भएको छ भने जग्गा अधिग्रहण सम्बन्धमा ३९ वटा लालपूर्जा प्राप्त भएको र डि.पि.आर. अध्ययन पश्चात् थप जग्गा अधिग्रहणको प्रक्रिया बढाइने लक्ष्य यस आयोजनाको रहेको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु** : द्रुत मार्ग निमार्णको क्रममा बेस तथा लजिस्टिक बेसका लागि आवश्यक जग्गा, मार्गाधिकार अन्तर्गत कटिङ्ग गर्दा जग्गा नपुग हुने जस्ता समस्या रहेका छन् । यस्तै छुट ऐलानी जग्गा प्राप्त गर्न तथा सडक निर्माणको क्रममा हुने क्षतिको क्षतिपूर्ति प्रदान गर्न, पुन:स्थापनासम्बन्धी कार्य गर्न र उपलब्ध सार्वजनिक जग्गामा वृक्षारोपण समेत गर्न गराउनका लागि कार्यक्रममा समावेश गरी आयोजनाले आवश्यक्ता अनुसार तत्काल कार्य गराउन कठिनाई भएको विषय जस्ता समस्या रहेका छन् ।

## २०. मेलम्ची खानेपानी आयोजना

मेलम्ची र मण्डन उपत्यका मुहान क्षेत्र रहेको यस आयोजनाले काठमाण्डौ उपत्यकाका करिव ३० लाख जनसंख्यालाई खानेपानी उपलब्ध गराउने लक्ष्य लिएको छ । सिन्धुपाल्चोकको मेलम्चीबाट २७.५ कि.मि. सुरुङ्गमार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर खानेपानी काठमाण्डौंमा आपूर्ति गराउने लक्ष्य रहेको छ । आयोजनाको प्रथम चरणको कुल अनुमानित बजेट रु.२८ अर्ब पुगेको छ । यस आयोजनाका लागि चालू आ.व. २०७५/७६ मा रु.७०७ करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.२५८.९१ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ५६.५१ प्रतिशत र वित्तीय प्रगति २४.६ प्रतिशत रहेको छ । आयोजनाको हेडवर्क्स निर्माण सम्बन्धमा बैकल्पिक पाईप डाईभर्सन तथा अन्य आवश्यक संरचनाहरुको निर्माण कार्य भइरहेको छ । मेलम्ची दोश्रो चरणको DPR तयारी कार्यको EIA भइरहेको छ भने डिजाईन प्रतिवेदन सम्बन्धमा छलफल गरिएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** निर्माण ठेक्का व्यवसायीसँग ठेक्का तोडिएको हुनाले सुरुङ्ग निर्माणको कार्य सम्पन्न हुन ढिलाई भएको छ । यस्तै आयोजनाको दोश्रो चरणको लागि आवश्यक जग्गा प्राप्ति वापतको मुआब्जा क्षतिपुर्ति वितरण हुन नसक्नु समस्याको रुपमा रहेको छ ।

## २१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

चुरे क्षेत्रको प्राकृतिक श्रोत संरक्षण दिगो व्यवस्थापन गरी गरिबी न्यूनीकरण एवं समृद्ध नेपालको राष्ट्रिय लक्ष्यमा टेवा पुर्‍याउने लक्ष्य सहित नेपाल सरकारको पूर्ण लगानीमा संचालन हुने यो आयोजना आ.व. २०६६/६७ बाट सुरु भई सालबसाली कार्यक्रमको रुपमा रहँदै आएको भएता पनि आ.व. २०७०/७१ देखि राष्ट्रिय गौरवको आयोजनाको रुपमा संचालन हुँदै आएको छ । आ.व. २०७०/७१ देखि नै चुरेसँग सम्बन्धित निर्देशिका तथा कार्यविधि पुनरावलोकन गर्ने, उपल्लो तटीय बासिन्दावीच समूह सञ्जालीकरण गर्ने, नयाँ स्थायी नर्सरी निर्माण तथा व्यवस्थापन गर्ने, विभिन्न प्रजातिका बिरुवा उत्पादन गर्ने, चुरेको डंढेलो नियन्त्रण तथा वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्ने, चुरेमा आश्रित गरिब तथा विपन्न वर्गका लागि रोजगारमुखी वृक्षारोपण गर्ने जस्ता कार्यक्रमहरु संचालन भएका छन् । चुरे तराई मधेशको संरक्षणको लागि २० वर्षे गुरु योजना नेपाल सरकारबाट मिति २०७४ जेठमा स्वीकृत भई सोही अनुसार कार्यान्वयन भइरहेको छ । यस आयोजनाका लागि चालू आ.व. २०७५/७६ मा रु. १६९.९७ करोड विनियोजन गरिएको छ ।

**दोश्रो चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को दोश्रो चौमासिक बजेट रु.७८.७१ करोड रहेकोमा दोश्रो चौमासिकको भौतिक प्रगति ३६.६७ प्रतिशत र वित्तीय प्रगति २१.६९ प्रतिशत रहेको छ । चुरे तराई मधेस संरक्षण तथा व्यवस्थापन गुरुयोजनाले चुरे क्षेत्रबाट वा यस क्षेत्र भएर बहने १६४ नदीप्रणालीको नक्साङ्कन, यस

मध्ये पहिलो ५ वर्षको लागि ६४ वटा नदी प्रणाली प्राथमिकीकरण भएको छ । आ.व. २०७५/७६ मा चुरे क्षेत्र भएर बहने २९ वटा नदी प्रणाली क्षेत्र भित्र पर्ने ९३ स्थानीय तह तथा ७ वटै प्रदेशमा कार्यक्रम संचालनको लागि कार्यक्रम स्वीकृत भई चुरे संरक्षणको कार्यक्रम कार्यान्वयन भईरहेको छ । यस्तै नदी किनार तटबन्धन मार्फत बाढी नियन्त्रणको कार्यक्रम र जोखिम न्यूनीकरण तथा नदी किनार/उकास क्षेत्रहरुमा हरियाली प्रवर्द्धन कार्य सुचारु रहेको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** साविकका जिल्ला स्तरीय कार्यक्रम कार्यन्वयन संयन्त्र खारेज हुनु र स्थानीय तह र प्रदेशमा कार्यक्रम पठाउन ढिलो हुनु जस्ता यस आयोजनाको प्रमुख समस्याहरुको रुपमा रहेका छन् ।

## २२. विद्युत प्रसारण आयोजना

नेपाल सरकार र अमेरिकी सरकारी निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (MCC) बीच नेपालमा ऊर्जा र यातायत क्षेत्रका पूर्वाधार विकासका लागि MCC ले ५०० मिलियन अमेरीकी डलर अनुदान सहायता उपलब्ध गराउने सम्बन्धी सम्झौता (Compact Agreement) सेप्टेम्बर १४, २०१७ मा भए अनुरुप सोको कार्यान्वयनका लागि मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति गठन भएको छ । साथै यसका लागि नेपाल सरकारले १३० मिलियन अमेरीकी डलर समेत सह-लगानी गर्दैछ । यसरी प्राप्त हुने अनुदान रकमबाट निर्माण हुने विद्युत प्रसारण आयोजना राष्ट्रिय गौरवका आयोजनाको रुपमा यस आ.व. देखि कार्यान्वयनमा रहेको छ ।

# ५. पुनर्निर्माणसम्बन्धी प्रगति स्थिति

**५.१ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणवाट प्राप्त प्रगतिका आधारमा आ.व. २०७५/७६ को दोस्रो चौमासिकसम्म पुनर्निर्माणका सम्वन्धमा भएका उपलव्धिहरू देहायबमोजिम रहेका छन् ।**

| सि.नं. | संरचना | पुनर्निर्माण गर्नुपर्ने संख्या | सम्पन्न संख्या | निर्माणाधिन संख्या | निर्माण सुरू गर्न बाँकी संख्या |
|---|---|---|---|---|---|
| १. | सरकारी भवन | ४१५ | २४८ | १३५ | ३२ |
| २. | विद्यालयको भवन | ७५५३ | ४४७६ | २१७० | ९०७ |
| ३. | स्वास्थ्य संस्थाको भवन | ११९७ | ६४३ | १४५ | ४०९ |
| ४. | पुरातात्विक सम्पदा | ७५३ | २२४ | २२१ | ३०८ |
| ५. | सुरक्षा निकायको भवन | | | | |
| | नेपाली सेना | २०४ | ५७ | ७ | १४० |
| | नेपाल प्रहरी | १३९ | ५१ | ५५ | ३३ |
| | सशस्त्र प्रहरी | ३१ | २९ | २ | - |
| | रा.अ.वि. | ९ | ८ | १ | - |

**५.२ निजी आवास अनुदान वितरणसम्बन्धी प्रगति :**

| सूचक | आ.व. २०७२/७३ सम्मको प्रगति | आ.व. २०७३/७४ सम्मको प्रगति | आ.व. २०७४/७५ मा भएको प्रगति | २०७६ बैशाख १९ सम्म भएको प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा लाभग्राही | ५३१९६४ | ७४९७९६ | ८०७४८६ | ८२५४३९ | – |
| अनुदान सम्झौता | २७८८८० | ६२९६१३ | ७२१७७५ | ७६४४९७ | ९३ |
| पहिलो किस्ता वितरण | ३५१४५ | ५९७५७७ | ७१३८६६ | ७५९०२१ | ९९ |
| निर्माण कार्य शुरु भएको घरहरु | – | ११३०९६ | ५१४४४६ | ६१८०३० | ८१ |
| दोश्रो किस्ताको लागि निवेदन दिनेको संख्या | – | ७८३८० | ४८६९३७ | ५८४१३० | ७६ |
| दोस्रो किस्ता वितरण | – | ५५०५५ | ४५९९०० | ५७२०४६ | ७५ |
| तेस्रो किस्ता वितरण | – | २७३४ | २२०७९५ | ४१४४२१ | ५४ |
| निर्माण कार्य सम्पन्न भएका घरहरु | – | ४४९२७ | २४९०९३ | ३८५०३१ | ५० |
| प्रवलीकरण लाभग्राही | – | – | ५२०५४ | ६५७१४ | – |
| प्रवलीकरण लाभग्राही सम्झौता | | | ८८३३ | २०२७२ | ३१ |

### ५.३ विकास आयोजनाहरुको पुनर्निर्माण :

१) रणनैतिक सडकतर्फ दोलखा - सिंगटी ३४.४९ कि.मि.मा ७१ प्रतिशत, धादिङ्ग - गोरखा ४२.१७ कि.मि. मध्ये ५४ प्रतिशत र पाँचखाल - मेलम्ची २२.९७ कि.मि मध्ये ४२ प्रतिशत सडक पुनर्निर्माण सम्पन्न भएको छ । त्यसैगरी ग्रामीण सडकतर्फ विभिन्न जिल्लाहरुमा गरी कुल १००२ कि.मि. सडकमध्ये विभिन्न चरणमा काम भैरहेको छ ।

२) जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरणको लागि भौगर्भिक अध्ययन सम्पन्न गरिएका १०३९ वस्तीहरुमध्ये ३५६ वस्तीहरुको स्थानान्तरण गर्न सिफारिस भएको छ ।

### ५.४ पुनर्निर्माण सम्बन्धमा रहेका सवालहरुः

१. निजी आवास पुनर्निर्माणमा गुनासो व्यवस्थापन,

२. प्राविधिकहरु कार्यक्षेत्रमा पुग्नु पूर्व निर्माण भैसकेका घरहरुको Compliance को अवस्था,

३. वन क्षेत्र, सार्वजनिक तथा सरकारी जग्गामा बसोबास गरेका लाभग्राहीहरुको स्थानान्तरण,

४ भूमिहीन लाभग्राहीको भू-स्वामित्व सम्बन्धमा,

५. जोखिमयुक्त वर्गका लागि आवास पुनर्निर्माण,

६. केही विद्यालय पुनर्निर्माणका लागि जग्गाको समस्या,

७. जोखिमयुक्त स्थानबाट बस्ती स्थानान्तरण कार्य कार्यान्वयनमा जटिलता,

## ६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठकका निर्णयहरुको प्रगति स्थिति

| सि.नं | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| १ | योजना, बजेट र खर्च सम्वन्धी विषयमा संघ, प्रदेश र स्थानीय तहवीच सूचना आदान प्रदान नहुँदा कार्यक्रम तथा आयोजनाहरुको यथार्थ स्थिति विवरण प्राप्त हुन नसकेकोले योजना र बजेट सम्वन्धी विषयमा अन्तर प्रदेश परिषद्बाट निर्णय भएका विषयहरुको सम्वन्धित सवै निकायहरुले संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको समय सीमाभित्र कार्यान्वयन गर्ने । | **संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय :**<br>● संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना बमोजिम समयसीमा भित्र कार्य भएको ।<br>**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :**<br>● संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको सि.नं.१ख :<br>● प्रदेश तहमा रहने कार्यालयहरु तथा साबिकमा रहेका क्षेत्रीय कार्यालय, निर्देशनालय तथा जिल्ला कार्यालयहरुको चल अचल सम्पति, दायीत्व माननीय उप-प्रधानमन्त्रिज्यू, माननीय स्वास्थ्य राज्यमन्त्रिज्यू तथा सबै प्रदेशका सामाजिक बिकास मन्त्रालयका माननीय मन्त्रीज्यूहरुको बिशेष उपस्थितिमा मिति २०७५/१०/०९ गते हस्तान्तरण भैसकेको ।<br>● संघीयता कार्यन्वयन सहजीकरण कार्ययोजनाको सि.नं.९<br>● औषधि खरिदको बजेट प्रदेश र स्थानीय तहमा बिनियोजन भएको र सो सम्बन्धमा मिति २०७५/४/६मा नै यस मन्त्रालय र स्वास्थ्य सेवा विभागबाट पत्राचार भै तत् तत् तहमा बिभिन्न मिति मा खरिद कार्य भएको ।<br>● संघिता कार्यन्वयन सहजीकरण कार्ययोजनाको सि.नं. ९ स्वास्थ्य सेवा विभागबाट बिभिन्न आबश्यक खोपहरूको खरिदका लागि २०७५/०९/०६ र २०७५/०९/१७ गते अन्तराष्ट्रिय बोलपत्र आव्हान भएकोमा बिसिजी र टिटी खोपको लागि मिति २०७५/ ११ र २८ गते पुनः अन्तर्राष्ट्रिय बोलपत्र आव्हान भई बोलपत्र स्वीकृत भैसकेको साथै अन्य खोपहरूको खरिद सम्झौता भैसकेको ।<br>**कृषि तथा पशुपन्छी विकास मन्त्रालय :**<br>● अन्तर प्रदेश परिषद्बाट निर्णय भएका विषयहरुको सम्वन्धमा सम्वन्धित शाखाहरुवाट प्रगति लिई प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा मिति २०७५/११/०५ मा पठाइएको ।<br>**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय :**<br>● मन्त्रालयको कार्यक्रममा रहेको प्रदेश सरकारसँगको लागत साझेदारीमा सञ्चारग्राम स्थापनाका लागि विनियोजन भएको रु. ३ करोड ५० लाख मध्ये ५०/५० लाखका दरले ७ वटा प्रदेशलाई हस्तान्तरण गरिएको ।<br>● प्रदेश र स्थानीय तहबाट दर्ता तथा ईजाजत दिने सम्बन्धमा केही नेपाल ऐन संशोधन मार्फत राष्ट्रिय प्रसारण ऐन, २०४९ |

| सि.नं | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| | | संशोधन भएको र नेपाल राजपत्रमा प्रकाशन गरी सो को नमुना कार्यविधि तयार भई प्रदेश तथा स्थानीय निकायमा पठाईएको ।<br>**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय :**<br>● सडक विभागबाट विभिन्न मितिहरुमा चालु आर्थिक बर्षमा विनियोजन नभएका शिर्षकहरुको योजनाहरु सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न परिपत्र भएको र सो अनुसार १) सडक डिभिजन कार्यालय, कास्की, पोखरा २) सडक डिभिजन कार्यालय बुटवल, रुपन्देही ३) सडक डिभिजन कार्यालय, प्यूठान ४) सडक डिभिजन कार्यालय, दाङ्ग, घोराही ५) डिभिजन सडक कार्यालय, महेन्द्रनगर, ६) सडक डिभिजन कार्यालय, बैतडी बीच समवन्य भई सम्पूर्ण अभिलेख सहित हस्तान्तरण प्रकिया भई सकेको तथा अन्य कार्यालयहरुको हस्तान्तरण हुने प्रक्रियामा रहेको ।<br>● DPR सम्पन्न भएका सडक योजनाहरुको सम्बन्धित प्रदेशबाट माग हुन आए बमोजिम हस्तान्तरण हुँदै गएको ।<br>**अर्थ मन्त्रालय :**<br>● अर्थ मन्त्रालयको जिम्मेवारी कार्यान्वयन भईरहेको<br>**खानेपानी मन्त्रालय :**<br>● प्रक्रियामा रहेको ।<br>**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय :**<br>● अन्तरप्रदेश परिषदद्द्वारा निर्णय भएका यस मन्त्रालयसँग सम्बन्धित विषयहरु कार्यान्वयन गरी नियमित प्रतिवेदन गर्ने गरिएको ।<br>● १४ वटा सूचना केन्द्र र १३ व्यावसायिक तथा सीप विकास केन्द्र प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको ।<br>**युवा तथा खेलकूद मन्त्रालय :**<br>● कर्णाली प्रदेशमा निर्माण गरिने प्रदेशस्तरीय रंगशालाको DPR सम्बन्धित प्रदेशमा हस्तान्तरण गरिएको । प्रदेश नं २ र सुदुरपश्चिम प्रदेशको प्रदेशस्तरको रंगशाला निर्माणका लागि प्रदेश सरकारको सिफारिसमा स्थान निर्धारण भई कार्य प्रारम्भ भएको ।<br>**गृह मन्त्रालय :**<br>● अन्तर-प्रदेश परिषदबाट निर्णय भएका विषयहरुलाई कार्यान्वयनका लागि मातहतका निकायमा पत्राचार गरी सो को आवधिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाइएको ।<br>● प्रदेश न २ र ५ मा नयाँ गोदाम घर निर्माणको लागि विनियोजित रकम रु २ करोड वित्तीय हस्तान्तरण भएको । |

| सि.नं | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| | | ● सामाजिक सुरक्षा भत्ता वितरणको लागि विनियोजित बजेट रकम रु ४३ करोड ७५३ स्थानीय तह मार्फत वितरण भइरहेको ।<br>● प्रहरी चौकी, कारागार निर्माण तथा सुधारमा प्रदेश सरकारसँग साझेदारी गरिएको । |
| २ | राष्ट्रिय नीति तथा कार्यक्रमले लिएको लक्ष्यहरु प्राप्त गर्न संघ, प्रदेश र स्थानीय तहबाट कार्य भईरहेको तर ती कार्यको प्रगति स्थितिको विवरण एकीकृत रुपमा आउने संयन्त्र नभएकोले कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित संघीय मन्त्रालय र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको समन्वयमा २०७५ चैत्र मसान्तभित्र कार्यक्रमहरुको अद्यावधिक स्थिति विवरण लिने प्रणालीको विकास गर्ने । | **संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय :**<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनको क्रममा रहेकोले सो ऐनमा स्थानीय तहवाट चौमासिक / वार्षिक कार्यप्रगति विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग र जिल्ला समन्वय समितिमा पठाउनु पर्ने प्रावधान राखिएको ।<br>**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :**<br>● संघीय प्रणालीमा स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा सुधार, पारदर्शिता र जवाफदेहीताको लागि संघ, प्रदेश र स्थानीय तहको सरकारलाई प्रयोजनमूलक स्वास्थ्य क्षेत्र अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने उद्देश्यले मिति २०७५/०७/०४ मा उप-प्रधानमन्त्रीस्तरीय निर्णय अनुसार "संघीयताको सन्दर्भमा स्वास्थ्य क्षेत्रको अनुगमन तथा मूल्यांकन निर्देशिका २०७५" जारी गरी कार्यान्वयनमा ल्याईएको उक्त निर्देकिशका मन्त्रालयको वेबसाईटमा राखिएको छ ।<br>**शहरी विकास मन्त्रालय :**<br>● प्रदेश सरकारमा हस्तान्तरण भएका जनता आवास कार्यक्रमको प्रगति विवरणको लागि प्रदेश सरकारको मन्त्रालयमा पत्राचार गरिएको, हालसम्म २ वटा प्रदेशवाट विवरण प्राप्त । अद्यावधिक विवरण लिने प्रणालीको विकास गर्ने प्रक्रियामा रहेको ।<br>**कृषि तथा पशुपन्छी विकास मन्त्रालय :**<br>● प्रदेश तथा स्थानीय निकायहरुवाट नियमित रिपोटिङ्गको लागि ७ वटै प्रदेशमा अन्तरक्रिया सम्पन्न भैसकेको र प्रतिवेदन अन्तिम चरणमा रहेको ।<br>- सफ्टवेयर वाट नियमित रिपोर्टिंग लिइने ।<br>- मा. मन्त्रीज्यूको अध्यक्षतामा मन्त्रीस्तरीय समन्वय वैठक गरिने ।<br>- श्रीमान् सचिवज्यूको अध्यक्षतामा उच्चस्तरीय नियमित वैठकको लागि प्रस्ताव गरिने ।<br>**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय :**<br>● प्रगती विवरण स्थानीय तथा प्रदेश सरकारबाट लाने संयन्त्र निर्माणको लागि अर्थ मन्त्रालय, महालेखा नियन्त्रण कार्यालगसंघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय भइरहेको, अन्तरप्रदेस समन्वय समितिको बैठकमा पनि |

| सि.नं | निर्णय | प्रगति स्थिति |
| --- | --- | --- |
| | | यस सम्बन्धमा विषय प्रवेश गराइएको, तर अझै उपयुक्त प्रणालीको विकास गर्न नसकिएको ।<br>**वन तथा वातावरण मन्त्रालय :**<br>● वन तथा वातावरण मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा उच्चस्तरीय अनुगमन संयन्त्र गठन गरी प्रत्येक प्रदेश मन्त्रालयको लागि १/१ जना सह सचिवलाई समन्वय गर्न जिम्मेवारी दिईएको ।<br>**अर्थ मन्त्रालय :**<br>● प्रदेशस्तरको लागि (PLMBIS-Province Line Ministry Budget Information system) र स्थानीय तहको लागि परिमार्जित SUTRA Software तयार भइ TOT Training संचालन भएको र दुवै Software लागू गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएको ।<br>**उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय :**<br>● प्रदेश तथा स्थानीय तहबाट कार्य भैरहेको सिंचाइ तथा नदी नियन्त्रण संबन्धी कार्यहरूको चौमासिक एवं वार्षिक प्रगति तथा उपलब्धि एकिकृत रूपमा प्राप्त गर्न फर्मेट प्रस्ताव गरी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत पठाइदिने व्यवस्थाका लागि सबै प्रदेश सरकारलाइ पठाइएको ।<br>**खानेपानी मन्त्रालय :**<br>● प्रक्रियामा रहेको ।<br>**गृह मन्त्रालय :**<br>● प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट हासिल कार्यप्रगतिको रिपोर्टिङ्ग संयन्त्रको विषयमा कानुनी व्यवस्था गर्न उपयुक्त हुने । |
| ३ | बहुवर्षीय ठेक्का लागेका कार्यक्रम/ आयोजनाहरुको हालसम्म सिर्जित दायित्वको एकमुष्ट यकिन तथ्याङ्क तयार गरी विषयगत मन्त्रालयहरुले २०७५ चैत्र मसान्तभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई उपलव्ध गराउने । | **संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय :**<br>● बहुवर्षिय ठेक्का लागेका कार्यक्रम र आयोजनाहरुको हालसम्म सिर्जित दायित्वको एकमुष्ट तथ्याङ्क तयार गरी अर्थ मन्त्रालयमा पठाईएको ।<br>**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :**<br>● ७४४ निर्माणाधिन स्वास्थ्य संस्था (भवन विभाग अन्तरगत) निर्माण सम्पन्न गर्नका लागि कूल बजेट १७ अर्ब ७० करोड आबश्यक पर्नेमा यस आ.ब.मा ५ अर्व ५० करोड बजेट बिनियोजन भएको ।<br>● १२०० वडाहरूमा आधारभूत स्वास्थ्य केन्द्र स्थापनामा चालु आ.ब.मा विनियोजित रु.४ अर्ब मध्ये २ अर्ब सम्बन्धित स्थानीय तहमा बित्तिय हस्तान्तरण गरिएको र बाँकि १३०० वडाहरुमा |

| सि.नं | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| | | आधारभूत स्वास्थ्य केन्द्र स्थापनाका लागि आबश्यक बजेट आगामी आ.ब.को बजेटमा प्रस्ताब गरिएको ।<br>● प्रत्येक स्थानीय तहमा न्यूनतम १५ शैयाको अस्पताल स्थापना गर्ने नीतिगत ब्यबस्था कार्यान्वयन गर्न चालु आ.ब.मा २५१ प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालमा स्तरोन्नतीको नीतिगत निर्णय गरिएको । लागत अनुमान सहित सम्भाब्यता अध्ययनका लागि शहरी विकास तथा भवन निर्माण विभागलाइ अनुरोध गरिएको ।<br>● आमा सूरक्षा कार्यक्रमको यातायात खर्च दोब्बर गर्दा अपुग बजेट तथा बिपन्न नागरीक औषधि उपचार कार्यक्रम अन्तर्गत अपुग बजेट तथा छात्रवृत्तिबाट बिशेषज्ञ स्वास्थ्य जनशक्ति (MD/MS/DM) उत्पादन र करार नियुक्ति गर्न आबश्यक बजेट ब्यबस्थापनको लागि राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयमा छलफल भएको ।<br>**शहरी विकास मन्त्रालय :**<br>● प्रगति बिवरण प्राप्त भएको ।<br>**कृषि तथा पशुपन्छी विकास मन्त्रालय :**<br>● वहुवर्षीय ठेक्काको विवरण प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पठाइएको र मिति २०७५/८/३ गते राष्ट्रिय योजना आयोग अर्थ मन्त्रालयमा पठाइ सकिएको ।<br>**वन तथा वातावरण मन्त्रालय :**<br>● विवरण उपलब्ध गराईसकेको ।<br>**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय :**<br>● प्रदेशमा हस्तान्तरण गर्नुपर्ने बहुबर्षिय ठेक्काहरु कुल शिर्षकहरु ( १८),<br>कुल रकम रु. २५६५९३०५ (रु. हजारमा) र सो सम्बन्धी जानकारी अर्थ मन्त्रालयलाई गराइसकिएको ।<br>**अर्थ मन्त्रालय :**<br>● विवरण आंशिक प्राप्त भएको ।<br>**उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय :**<br>● बहुबर्षीय ठेक्का लागेका कार्यक्रम र आयोजनाहरूको हालसम्म सिर्जित दायित्वको एकमुष्ठ यकिन तथ्याङ्क मातहतका संबन्धित निकायहरूबाट प्राप्त गरी सकिएको र एकिकृत विवरण तयार गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई उपलब्ध गराउने क्रममा रहेको ।<br>**रक्षा मन्त्रालय :**<br>● मन्त्रालय र नेपाली सेना अन्तर्गत बहुवर्षीय ठेक्का लागेका कार्यक्रम र आयोजनाहरूको हालसम्म सिर्जित दायित्वको यकिन |

| सि.नं | निर्णय | प्रगति स्थिति |
| --- | --- | --- |
| | | गर्न नीति योजना महाशाखा प्रमुखको अध्यक्षतामा नेपाली सेनाको विकास निर्माण निर्देशनालय, बजेट निर्देशनालय र मन्त्रालयका आर्थिक प्रशासन शाखाका उपसचिव सदस्य रहेको समिति गठन भएको । समितिको विभिन्न बैठकमा छलफल र परामर्श भई दायित्व रकम एकिन गर्ने काम भइरहेको ।<br>**महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय :**<br>● मन्त्रालयको च.नं. ११९ मिति २०७५/१०/१७ को पत्रबाट रु ६,५०,११,००० दायित्व रहेको जानकारी अर्थ मन्त्रालय र योजना आयोगमा पठाईएको ।<br>**खानेपानी मन्त्रालय :**<br>• बहुबर्षिय ठेक्काको विवरण पठाइसकेको ।<br>**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**<br>• विवरण प्राप्त नभएको ।<br>**गृह मन्त्रालय :**<br>● चालु आ.व.मा बजेट विनियोजन भइ कार्यान्वयनमा रहेको कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट प्रस्ताव गरिएको ।<br>● एकमुष्ठ विवरण तयार हुने क्रममा रहेको । |
| ४ | राष्ट्रिय गौरबको आयोजनाको रुपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको लागि आवश्यक करिव ७ लाख घ.मि.माटो प्राप्त गर्न प्रदेश तहमा समेत कर तिर्नुपर्ने प्रावधानले आयोजना कार्यान्वयनमा समस्या परेकोले प्रदेश नं. ५ को सरकारले उक्त समस्या समाधानको लागि अविलम्व पहल गर्ने । | ● समाधान भैसकेको । |
| ५ | काठमाडौ तराई/मधेस द्रुतमार्ग आयोजनाको लागि खोकना बुङमती क्षेत्रमा देखिएको जग्गा अधिग्रहण तथा मुआब्जा समस्या, त्यस क्षेत्रमा पुरातात्विक सम्पदाको अवस्थिति, एशियाली विकास बैकबाट प्रस्तावित सुरुङमार्गलाई परिवर्तन गरी नयाँ स्थानमा सुरुङ बनाउनुपर्ने विषय, द्रुतमार्ग निर्माणमा संलग्न सैनिकलाई खाजा तथा जोखिम भत्ता सम्वन्धी विषयलाई सम्वोधन गर्न राष्ट्रिय योजना आयोगको समन्वयमा रक्षा मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय :**<br>• व्यवस्थापिका संसद, राज्य व्यवस्था समितिको बैठकमा उठेका सवालहरुको जवाफ दिने क्रममा माननीय गृहमन्त्रीज्यूबाट प्रचलित कानून तथा मुआव्जा निर्धारणको आधारहरु बमोजिम पूर्वनिर्धारित मुआव्जा उचित रहेकोले संसोधन गर्न नसकिने स्पष्ट पार्नु भएको।<br>• खोकना इलाकाको धार्मिक एवम् सांस्कृतिक महत्वको सिकाली मन्दिर र कोदेश जोगाउन द्रुतमार्गको रेखांकनलाई सामान्य परिवर्तन गर्ने प्रस्ताव नेपाली सेनाद्वारा गरिएको ।<br>• सो ईलाकामा निर्माणकार्य सूचारु गर्न उच्चस्तरिय राजनैतिक तथा प्रशासनीक तहबाट आवश्यक समन्वय गरी उचित समाधान खोजिनु पर्ने । |

| सि.नं | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| | मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयको सहकार्यमा अविलम्व समाधान गर्ने ।<br><br>• खोकना तथा बुङ्गमती क्षेत्रमा देखिएको जग्गा अधिग्रहण तथा मुआब्जा सम्बन्धी विषय<br><br>• सुरुङ्ग मार्ग परिवर्तन सम्बन्धी विषय<br><br>• द्रुतमार्ग निर्माणमा संलग्न सैनिकलाई खाजा तथा जोखिम भत्ताको व्यवस्था | • द्रुत मार्गको समग्र डि.पि.आर.को सम्बन्धमा रक्षा मंत्रालय मार्फत मन्त्रिपरिषद्मा प्रस्ताव गईसकेको ।<br>**अर्थ मन्त्रालय :**<br>• अर्थ मन्त्रालयबाट द्रुतमार्ग निर्माणमा संलग्न सैनिकलाई खाजा तथा जोखिम भत्ता सम्बन्धी विषय सम्वोधन भएको ।<br>**रक्षा मन्त्रालय :**<br>• खोकना तथा बुंगमती क्षेत्रको जग्गा अधिग्रहणको विषयलाई सल्ट्याउन रा.यो.आ.का माननीय सदस्यज्यूको संयोजकत्वमा विभिन्न मन्त्रालयका प्रतिनिधिहरू सम्मिलित समिति गठन भई छलफल परामर्श चलिरहेको ।<br>• सुरुङ्ग मार्गको विषयमा भर्खरै परामर्शदाताबाट DPR पेश भएको र स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएकोले सोही अनुसार हुने ।<br>• द्रुतमार्ग निर्माणमा संलग्न सैनिकहरूलाई जोखिम तथा खाजा भत्ता उपलब्ध गराउने विषयमा मिति २०७५।१२।११ गते मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएको । |
| ६ | स्वदेशी उद्योगबाट उत्पादित वस्तु तथा सेवाले बजार नपाउने र व्यापार घाटाको दर वढ्दै गई आर्थिक परिसूचकमा नकरात्मक असर पर्न गएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा रहेको प्रावधान बमोजिम सबै सार्वजनिक निकायहरुले स्वदेशी उद्योगबाट उत्पादित वस्तु तथा सेवाको उपयोगलाई प्राथमकिता दिदै संघ, प्रदेश र स्थानीय तहबाट स्वदेशी वस्तुको खरिद गर्ने र यस पक्षलाई आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणको समयमा ध्यान दिने पद्धतिको विकास सार्वजनिक खरिद अनुगमन कार्यालयले अविलम्व गर्ने । | • सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७५/१०/१७ को प्राप्त पत्रानुसार मिति २०७५/१०/१६ गते बसेको बैठकबाट निम्नानुसार निर्णय भएको:<br>१. स्वदेशमा उत्पादित मालसामान सम्बन्धी कार्यविधि/निर्देशिका उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयले बनाउन सक्ने गरी कार्यलयले खरिद नियमावलीमा संसोधनको लागि प्रस्ताव पेश गर्ने ।<br>२. स्वदेशी उद्योगबाट उत्पादित बस्तु तथा सेवाको परिभाषा तथा व्याख्याको आवश्यक विवरण उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट प्राप्त भएपश्चात संशोधनको लागि कार्यालयले प्रस्ताव पेश गर्ने ।<br>३. आ.ले .प र म.ले .प. हुँदाका बखत स्वदेशी उद्योगबाट उत्पादित सेवा तथा बस्तुको खरिद गर्दा गराउँदा उक्त ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम अवलम्बन भए नभएको सम्बन्धमा ध्यान पुर्याउनका लागि म.ले.प. र म.ले.नि.का. लाई लेखी पठाउने । |
| ७ | मालपोत कार्यालयहरुको स्रेस्ता सुधारको लागि बजेटको समस्या रहेकोले ती कार्यालयहरुले उठाउने गरेको रजिष्ट्रेशन सेवा शुल्कको रकम प्रदेश र स्थानीय तहमा पठाउने गरेकोले मालपोत स्रेस्ता सुधारको लागि आवश्यक पर्ने रकमको | प्रदेश नं ३ र गण्डकी प्रदेशमा निर्णय कार्यन्वयनको सुरुवात भएको । |

| सि.नं | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| | व्यवस्था सम्वन्धित प्रदेश सरकारले अविलम्व गर्ने । | |
| ८ | खानी तथा भूगर्भ विभागबाट खानी रहेको भनी यकिन गरिएको वन क्षेत्रको जग्गामा खानी उत्खनन् कार्यमा उत्पन्न समस्या समाधान गर्न उक्त विभागबाट अन्वेषणात्मक कार्य गरी गुण र परिमाण यकिन गरिएको क्षेत्रलाई खानी क्षेत्र घोषणा गरी सो क्षेत्रमा वन पर्ने भए सोको भोगाधिकार खानी तथा भूगर्भ विभागलाई हस्तान्तरण गरी खनिज प्रयोगमा ल्याउने र खनिज उत्खनन कार्य सम्पन्न भएपछि पुर्नस्थापना गरी बनलाई हस्तान्तरण गर्ने गरी उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र बन तथा वातावरण मन्त्रालयको सहकार्यमा निर्णय गर्ने । | **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :**<br>• उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रलयको मिति २०७६/०२/३० को पत्रानुसार "मिति २०७६/०१/२० मा वन तथा वातावरण मन्त्रालय समेतको उपस्थितिमा वैठक राखिएकोमा वन तथा वातावरण मन्त्रालयका प्रतिनिधिबाट भोगाधिकारको विषयमा छलफल गर्न असहमति व्यक्त गरेको । सो बैठकमा वन तथा वातावरण मन्त्रालय समेतका उच्च स्तरीय पदाधिकारीज्यूहरुलाई जानकारी गराइ उहाँहरुको उपस्थितिमा पुन छलफल गरी निर्णय लिने भनी निर्णय भएकोमा पुन बैठकको लागि उच्चस्तरमा वन तथा वातावरण मन्त्रालयमा बारम्बार प्रयास गर्दा पनि बैठक बस्न नसकि हालसम्म थप प्रगति हुन नसकेको ।" |

## ७. विभिन्न मन्त्रालयहरूवाट ४५ औं राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्न उपसमितिको बैठकमा प्रस्तावित विषयहरू

| सि.नं | निकाय | रा.वि.स.स.स.को बैठकमा लान प्रस्तावित विषयहरु |
|---|---|---|
| १ | संघीय मामिला तथा सामान्य प्रशासन | प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकासः नमूना कानून निर्माण, तालिम, सफ्टवेयर निर्माणको जिम्मेवारी लिने भन्ने बिषयमा दोहोरोपना आएकोले यसलाई स्पष्ट मार्गदर्शन गरिनुपर्ने । |
| | | सडक विस्तार तथा स्तरोन्नति गर्ने सन्दर्भमा साविकमा सडकले चर्चेको क्षेत्रफललाई समेत समावेश गरी वा अलग गरी वातावरणीय संरक्षण नियमावलीमा भएको प्रावधान अनुसार IEE/EIA के गर्ने भन्ने सम्बन्धी अन्यौलता भएको । |
| २ | वन तथा वातावरण | वन तथा वातावरण मन्त्रालय तथा उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय र संचार तथा सूचना प्रविधि मन्त्रालयले आपसी समन्वय गरी विद्युत वितरण र टेलिफोन लाईनको लागि काठको पोल प्रयोग गर्ने व्यवस्था मिलाउने । |
| | | कम्तिमा सरकारी कार्यालयहरुमा स्वदेशमै उत्पादित काठका फर्निचरहरु प्रयोग गर्ने गरी नीतिगत व्यवस्था मिलाउने । |
| ३ | शिक्षा, विज्ञान तथा प्रविधि | प्रदेश तहमा विनियोजित प्राविधिक तथा व्यवसायीक शिक्षा तथा तालिम कार्यक्रम कार्यान्वयन संयन्त्रको निर्माण । |
| | | शिक्षाका लागि खाद्य कार्यक्रमका लागि प्रदेश तहमा विनियोजित बजेट कार्यान्वयन संयन्त्रको निर्माण गर्ने वा संघीय संरचनामार्फत कार्यान्वयन गर्न निर्णय गर्ने । |
| | | स्थानीय तहबाट कार्यक्रमको भौतिक तथा वित्तिय प्रतिवेदन संयन्त्र र प्रणाली निर्माण गर्ने । |
| | | विश्वविद्यालयहरुको सम्बन्धन हाल रोक्का गरी नक्साङ्कनको अधारमा सम्वन्धन दिने । सम्बन्धन दिँदा प्रादेशिक आवश्यकता र स्रोतको आधारमा सीप तथा आयमूलक विषयहरुलाई प्राथमिकीकरण गर्न निर्देशन दिनु पर्ने । |
| | | राजर्षि जनक विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयको कर्मचारी तथा सम्पत्ति हस्तान्तरण कार्य छिटो गर्न सहजीकरण संयन्त्र निर्माण हुनुपर्ने । |
| ४ | स्वास्थ्य तथा जनसंख्या | केन्द्रिय तथा प्रादेशिक अस्पतालहरूको संगठन संरचनामा जनसंख्याको विस्तार र विरामीहरूको वढ्दो चाप अनुसार स्वास्थ्यकर्मीको संख्या वढ्न नसक्दा गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउन नसकिएको अवस्था साथै ती अस्पतालहरूमा आ(आफ्नो गठन आदेश मुताविक विकास समितिले कर्मचारीहरू राखी सेवा दिदै आएका, त्यस्ता कर्मचारी मध्ये कुनै ज्यालादारीका, कुनै करारका, कुनै विकास समितिका स्थाई भएको अवस्थालाई मध्यनजर गरी यी केन्द्रिय तथा प्रादेशिक अस्पतालको संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण गर्न स्वास्थ्य समन्वय महाशाखाका प्रमुखको संयोजकत्वमा, कर्मचारी प्रशासन शाखाका उप(सचिव, कानून शाखाका उप(सचिव, चिकित्सा सेवा शिक्षा तथा अनुसन्धान शाखाका शाखा प्रमुख, कर्मचारी प्रशासन शाखाका शाखा अधिकृत, चिकित्सा, नसिङ्ग तथा स्वास्थ्य व्यवसायी परिषदका प्रतिनिधी, केन्द्रिय |

| सि.नं | निकाय | रा.वि.स.स.स.को बैठकमा लान प्रस्तावित विषयहरु |
|---|---|---|
| | | अस्पताहरूको तर्फवाट कान्ति बाल अस्पताल र प्रसुति गृह अस्पताल साथै प्रतिष्ठानहरूको तर्फवाट चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका प्रतिनिधीको टिमले के कस्तो संगठन वनाउनु पर्छ र के कसरी समायोजन गर्नुपर्छ भन्ने विषयमा अध्ययन छलफल प्रतिवेदन पेश गर्ने भन्ने गत मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठकबाट निर्णय भए अनुसार अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समेत प्रतिनिधिको उपस्थितिमा उक्त कार्य गर्नुपर्ने भएकोले ती अस्पतालहरूको संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण गर्ने निर्णय हुनु पर्ने । |
| ५ | कृषि तथा पशुपन्छी विकास | विभिन्न प्रयोगशालामा कार्यरत कर्मचारीहरु तथा पशु क्वारेन्टाइन सेवा एवं पशु, पन्छी एवम मत्स्य फार्ममा काम गर्ने कर्मचारीहरुको उच्च मनोवल नभएकोले प्रयोगशालामा कार्यरत कर्मचारीहरुको जोखिम भत्ताको व्यवस्था हुनु पर्ने । पशु क्वारेन्टाइनमा कार्यरत कर्मचारीले अतिरिक्त समय काम गरे वापत थप सेवा सुविधा पाउनु पर्ने |
| | | नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतका अनुसन्धान केन्द्रहरु सुरक्षा निकायवाट फिर्ता नभएका (२ वटा) हुदा अनुसन्धानमा असर पुगेको कारण वाकी केन्द्रहरु फिर्ताका लागि उच्चस्तरीय पहल हुनु पर्ने (मालेपाटन र जीतपूर फार्महरु फिर्ता हुनुपर्ने) |
| | | कृषि कर्जा सम्वन्धी विवरण मन्त्रालयमा जानकारी हुने संयन्त्र नभएकोले कृषकहरुलाई उचित सल्लाह सुझाव दिन कठिनाई भएको । |
| ६ | खानेपानी | गुह्येश्वरी प्रदूषित पानी प्रशोधन केन्द्रलाई विधुत महसुल दर छुट हुनु पर्नेमा उधोग सरह रु २२ प्रति इकाइ महसुल निर्धरण भएको । |
| ७ | सहरी विकास | कार्यबोझ आधारमा शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग र अधिकार सम्पन्न बाग्मती सभ्यता एकिकृत विकास समितिको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण हुनुपर्ने । |
| | | यस मन्त्रालयबाट राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत हस्तान्तरण भएका केन्द्रिय आयोजना कार्यान्वयन इकाई (भवन) तथा प्रदेशमा हस्तान्तरण भएको जनता आवास कार्यक्रमको बेरुजु मन्त्रालयको बेरुजुको लगतबाट कट्टा गरि सम्बन्धित निकायमा नै हस्तान्तरण हुनुपर्ने । |
| ८ | भौतिक पूर्वाधार | EIA र IEE स्वीकृति पश्चात वन क्षेत्रमा आयोजनाहरुले काम गर्दा भोगाधिकारको विवाद आइरहने हुँदा भोगाधिकारको विवादलाई उच्चस्तरमा छलफल गरी समाधान हुनु पर्ने । |
| | | जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्यमा स्थानीयस्तरमा सधैं विवादयुक्त भइरहने हुँदा यसलाई सरोकारवाला सबै निकायसँग छलफल गरी राष्ट्रिय नीति ल्याइनुपर्ने । |
| | | जग्गा धनि दर्ता प्रमाण पुर्जा नभएको जग्गाहरुको सम्बन्धमा भोगचलन गर्नेहरुबाट विवाद भइरहने हुँदा सो सम्बन्धमा स्पष्ट नीति ल्याइनुपर्ने । |
| | | खोलाजन्य सामाग्रीको उपलब्ध गराउने बिषयको बैकल्पिक व्यवस्था गरिनुपर्ने । |

| सि.नं | निकाय | रा.वि.स.स.स.को बैठकमा लान प्रस्तावित विषयहरु |
|---|---|---|
| | | विष्फोटक पदार्थको सर्वसुलभताको अभावमा निर्माण कार्यहरु प्रभावकारी हुन नसकेकोले विष्फोटक पदार्थहरु उपलब्ध गराउन पहल हुनु पर्ने । |
| | | जलाशययुक्त आयोजनाहरु निर्माण गर्ने भनी सो क्षेत्रमा भौतिक पूर्वाधारका कार्यहरु र सडक निर्माणमा विवाद देखिएकोले सो क्षेत्रमा पूर्वाधारको कार्य अगाडी बढाउन स्पष्टता हुनुपर्ने । |
| | | आयोजना बैंकका लागि निश्चित आधारहरु तय हुनुपर्ने । |
| ९ | सञ्चार तथा सूचना प्रविधि | नेपाल विद्युत प्राधिकरणबाट विद्युतको पोलमा यस वर्ष गरिएको शुल्क वृद्धिका कारण इन्टरनेट सेवाको मूल्य वृद्धि हुन गई सर्वसुलभ र गुणस्तरीय सेवा प्रवाहमा बाधा उत्पन्न भएको हुँदा शुल्क वृद्धिमा पुनर्विचार गरिनुपर्ने । |
| | | दूरसञ्चार सेवा विस्तार गर्न वन क्षेत्रमा समेत टावर व्यवस्थापन गरिनु पर्ने देखिएको। टावर व्यवस्थापनका लागि न्यून मात्रामा रुख कटान गरिनु पर्ने भए तापनि वन क्षेत्रको प्रयोग गर्दा अपनाउनु पर्ने प्रकृया निकै लामो भएका कारण समयमा टावर जडान हुन सहज हुने नदेखिएकोले छरितो प्रकृयाका लागि निकास खोजिनु पर्ने । |
| १० | रक्षा मन्त्रालय | नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको कालीगण्डकी कोरिडर, कर्णाली करिडोर, बेनीघाट(आरुघाट(लार्के भञ्ज्याङ्ग लगायतका सडक मार्ग निर्माणका लागि आगामी आ.व.को शुरुमै पर्याप्त बजेट विनियोजन गरिदिन रा.यो.आ.मार्फत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अर्थ मन्त्रालयलाई अनुरोध गर्नुपर्ने । |
| | | नेपाली सेनाको लागि आवश्यक विभिन्न सैन्य उपकरणहरू जस्तै हेलिकप्टर, हातहतियार तथा गोलीगट्ठा, सञ्चार उपकरण, मेसिनरी औजार लगायतका सामग्रीहरू विदेशबाट खरिद गर्दा राष्ट्र बैंकमार्फत प्रतीतपत्र खोली खरिद गर्ने गरिएकोमा परिवर्त्य विदेशी मुद्रामा बारम्बार भइरहने परिवर्तनले शुरुमा विनियोजित बजेट रकम अपर्याप्त भई पटक पटक थप निकासा माग गर्नुपरेको र यसबाट सामान आपूर्तिकर्तालाई समयमै भुक्तानी दिन नसक्दा सामानको लागत समेत बढ्न गएको कुरालाई दृष्टिगत गरी अब उप्रान्त सामान खरिदको लागि सम्झौता बमोजिम परिवर्त्य विदेशी मुद्रामा एकमुष्ट रूपमा प्रतीतपत्र खोल्न आवश्यक हुने रकम अर्थ मन्त्रालयले उपलब्ध गराउने तथा नेपाल राष्ट्र बैंकले सोही बमोजिम प्रतीतपत्र खोल्ने व्यवस्था मिलाउने । |
| ११ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेको सानोठिंमी स्थित १८९ रोपनी जग्गामा अन्तराष्ट्रियस्तरको सम्मेलन केन्द्र बनाउने नेपाल सरकारबाट मिति २०७५।६।२८ मा निर्णय भएकोमा सोमध्ये ९० रोपनी जग्गामा नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानको भवन उपकरण तालीमसम्बन्धी ल्याव रहेको छ । प्रतिष्ठान र भवन उपकरणमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संस्था (ICAO) को सरोकार रहेकोले बाँकि ९९ रोपनी जग्गा मात्र अन्तराष्ट्रिय सम्मेलन केन्द्रको लागि हस्तान्तरण गर्न सकिने भएकोले सही वमोजिमको नीतिगत निर्णय हुनुपर्ने |

| सि.नं | निकाय | रा.वि.स.स.स.को बैठकमा लान प्रस्तावित विषयहरु |
|---|---|---|
| | | नेपाली प्राविधिक कामदार उपलब्ध नभएको र विदेशी दक्ष प्राविधिक कामदार काममा लगाउनुपर्ने भएको तर नेपालको श्रम ऐन अनुसार समग्र कामदारको ५% विदेशी कामदारलाई मात्र Working Visa उपलब्ध हुने हुँदा काममा बाधा पुगेकोले यस विषयमा ठोस निर्णय हुनुपर्ने। |
| | | नेपाल सरकारद्वारा विभिन्न मन्त्रालय अन्तर्गत आगामी वर्षमा सञ्चालन हुने महत्वपूर्ण आयोजनाहरुमा केही भौतिक थप कार्य गरी सौन्दर्यीकरण (Beautification) गर्न सकेमा पर्यटकीय आकर्षणको केन्द्र (Tourism Product) को रुपमा विकास गर्न सकिने देखिएकोले यस पक्षमा प्राथमिकता दिई कामकाज गर्न गराउन सबै मन्त्रालय र निकायहरुलाई अनुरोध गर्ने । |
| १२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | सीप विकास र रोजगारी व्यवस्थापनको कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्नका लागि नेपाल सरकारका विषयगत मन्त्रालयको सचिवस्तरीय प्रतिनिधित्व, तालिम प्रदायक संस्था र निजी क्षेत्र समेत समावेश भएको एउटा एकीकृत संयन्त्र (Integrate Mechanism) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको संयोजकत्वमा बनाउने र सो संयन्त्रको सचिवालयको कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गर्ने । |
| | | सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणको नीति एवं कार्यक्रमहरु विभिन्न विभिन्न निकायहरुबाट कार्यान्वयन भइरहेकोले दोहोरोपना देखिएको छ। साधन स्रोतको उपयुक्त एवं औचित्यपूर्ण उपभोग पनि भएको पाइदैन अत: त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगको संयोजकत्वमा एकिकृत संयन्त्र बनाई कार्यान्पयन गर्ने गराउने व्यवस्था मिलाउनु पर्ने । (२०७६/१/२२ को पत्रबाट थप भई आएको) |

## ८. आयोजनाहरुको स्थलगत अनुगमन निरीक्षण तथा देखिएका समस्या तथा समाधानका लागि सुझावहरु

### ८.१ आ.व. वर्ष २०७५/७६ मा आयोगका पदाधिकारीको नेतृत्वमा स्थलगत अनुगमन गरिएका विभिन्न आयोजनाहरुको विवरण:

आ.व. २०७५/०७६ को दोश्रो चौमासिकमा आयोगका पदाधिकारी तथा कर्मचारीहरुको नेतृत्वमा गरिएको स्थलगत अनुगमनबाट आयोजनाहरुमा देखिएका समस्या तथा समाधानका लागि सुझावहरु

**(१) माथिल्लो तामाकोशी आयोजना**

**(क) आयोजनाको विधमान समस्या तथा समाधानका उपायहरु**

- आयोजनाको लागि आवश्यकता अनुसार आर्थिक स्रोतको अभाव हुने गरेको ।
- विदेशी विनीमय दरमा वृद्धि भएको ।
- भुकम्प तथा नाकावन्दीका कारण लम्बिएको समयका कारण आयोजनाको समग्र लागत वृद्धिले नगद प्रवाहमा समस्या आएको ।
- विदेशी श्रमिकहरुको भिसा तथा श्रम इजाजतमा समस्या रहेको ।
- हालको श्रम कानुन लागु भएदेखि आयोजनामा कार्यरत वैदेशिक एक जना बराबर स्वदेशी वीस जना कामदार हुनुपर्ने प्रावधानका कारण चिनीया नागरिकहरुको भिसा एक्सटेन्सनको लागि श्रम इजाजत पाउन नसकिएको ।
- स्टिल पेनस्टक जडान गर्ने कार्य ढिलाई भएको ।
- लट नम्वर २ ठेकदार Texmaco Railway and Engineering Ltd को कार्यक्षमता कमजोर पाइएको ।
- सोको कमजोरीका कारणबाट आयोजनाको सबैभन्दा जोखिमयुक्त तथा चुनौतीपूर्ण कार्य दुइवटा Vertical shaft हरुमा पेनस्टक पाइप जडान कार्य निजवाट सन्तोषजनक रुपमा सम्पादन हुन नसकेको ।
- चरीकोट र लामावगर सम्मको सडक मर्मत तथा निर्माणमा समस्या रहि ढिलाई भएको ।

**(ख) आयोजनाको विधमान समस्या समाधानका लागि चालिएका कदमहरु**

१ आयोजनासँग आबद्ध श्रृणदाताहरुसँग दीर्घकालीन थप श्रृणको लागि अनुरोधको साथै तत्काल नगद प्रवाहलाई केही हदसम्म समाधान गर्न अल्पकालीन श्रृणको व्यवस्था गरिएको ।

२. चालु आ.व.मा खर्च हुन नसकिने आयोजनाको श्रोतबाट थप श्रृण उपलब्ध गर्दा अपर तामाकोशी राष्ट्रिय गौरवको आयोजनाको नगद प्रवाह समस्या समाधान हुने र यस्ता प्रकारका आयोजनाका लागि नेपाल सरकारबाट थप श्रृणको व्यवस्था गर्नुपर्ने माग रहेको ।

३. राष्ट्रिय गौरवका आयोजनालाई प्रभावित नर्पानका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आवश्यक सहयोगका लागि अनुरोध गरिएको ।

४. यस्ता प्रकारका जटिल आयोजनामा दक्ष विदेशी कामदारको आवश्यक्ता हुने भएको र ऐन लागू हुन अगाडि नै कार्यान्वयनमा रहेका आयोजनलाई प्रभावित पार्न नहुने अनुरोध रहेको ।

५. अपर तामाकोशी जस्ता राष्ट्रिय गौरवका आयोजनामा दक्ष बिदेशी कामदारहरुको भिसाको समस्या समाधानका लागि नेपाल सरकारबाट तत्कालै आवश्यक कारवाही गर्नुपर्ने सन्देश रहेको ।

६. लट न.२ कार्यमा पूर्वयोग्यतामा छनौट समेत भएको अपर तामाकोशी आयोजनाकै लट नम्वर ३ ठेकदार Andritz Hydro सँग पेनस्टक पाईप जडान गर्ने सम्वन्धमा विभिन्न मितिमा छलफल अगाडि बढाई Andritz Hydro सँग सो पेनस्टक पाईपहरुको Repair, Installation तथा ढुवानी कार्यको लागि आवश्यक सहकार्य गरिएको ।

७. Lower Penstock and Bifurcation Pipe जडान तथा ढुवानी कार्यको लागि आयोजनालाई अतिरिक्त भार नपर्ने गरी Texmaco Railway and Engineering Ltd को सहमतिमा Andritz Hydro सँग 7 January 2019 मा त्रिपक्षीय सम्झौता गरिएको ।

**(ग) आयोजनाको समस्या समाधानका लागि आगामी कार्यदिशा सम्बन्धमा अनुगमन टोलीबाट भएको निर्देशनका साथै सुझावहरु**

१. राष्ट्रिय गौरवको आयोजनाको रुपमा यो आयोजनाको प्रगति एकदम राम्रो छ। सबैभन्दा महत्वपूर्ण कुरा भनेको हामीले समयावधी भित्र सम्पन्न गर्नैपर्दछ । हाल देखिएका मुख्य समस्या भनेका Manpower, Operational Part, Cash Flow problem and Technical Details हुन् । कामको पूर्वानुमान गर्नु भनेको महत्वपूर्ण कार्य हो । जव हामी पूर्वानुमान गर्दछौं तव काम गर्न पनि सक्दछौं । अहिले हामी समयको प्रेशरमा छौं त्यसैले समयावधीभित्र सबैको समन्वय र सहकार्यमा बनाउनुपर्दछ ।

२. आयोजनाको समीक्षा, अनुगमन तथा मूल्यांकनको कमिले पनि समस्या थपिदै जाने हुन्छ . यस्ता कुरालाई कम गर्न र समस्याहरुको आयोजना स्थलमै समाधान गर्न तथा त्याहाँ समाधान गर्न नसकिने कुरालाई द्रुत गतिले अगाडी वढाउन मन्त्रिस्तरीय अनुगमन प्रभावकारी हुने कुरामा दुई मत छैन । मन्त्रीज्यूले दिएको समय सीमा भित्र योजना पुरा गर्ने प्रयास सवै तिरवाट हुनुपर्दछ । व्यवस्थापन र ठेकेदारहरुको वीचमा हरेक १५ दिनमा वैठक बसी छलफल गरी प्रत्येक साईटहरु निरीक्षण गरी समस्या समाधानका लागि पहल गर्नुपर्ने र त्यहाँ समाधान गर्न नसकिने समस्या तुरुन्त माथिल्लो निकायमा लगी समाधान गर्ने परिपाटी वसाउनु पर्ने आवस्यकता देखिएकोले सोही अनुसार गर्नु पर्ने हुन्छ ।

३. Cash Flow को समस्या समाधान हुनेछ। भिसा लगायतका अन्य समस्याहरु पनि हामी समाधान गर्नेछौ । परामर्शदाताको समग्रमा प्रस्तुती र कार्यसम्पादन राम्रो छ। प्रत्येक महिना उच्चस्तरको वैठक तथा पन्ध्र दिनमा विशेष वैठकको साथै साप्ताहिक रुपमा अन्य वैठकहरु राख्ने विषयमा **निर्देशन** भयो ।

## (२) उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

**समस्याहरु :**

- आयोजनाको शुरू विन्दु ० कि.मि देखि १.५ कि.मि. सम्म रहेको झोलुङ्गेपुल र त्यस क्षेत्रमा रहेको वस्तिको कारण डिजाइन अनुरूप पुल बनाउन प्रमुख समस्या रहेको ।
- प्रयोग भइरहेको झोलुङ्गेपुल भत्काउदा विद्यमान वस्तिलाई प्रत्यक्ष असर पर्ने हुँदा पहिले वस्ति स्थानान्तरण गरि पुल भत्काउनु पर्ने चूनौती रहेको ।
- मालसामान ओसारपसार गर्न ढुवानी कार्य महंगो हुन गएको ।

- आयोजनाको कार्यस्थलको बाटो सर्वसाधरणले पनि प्रयोग गर्नु पर्ने, मालसामान ओसारपसारको लागि खच्चड पनि त्यही बाटो भएर हिड्नुपर्ने हुदाँ सर्वसाधरणबाट अवरोध भएकोले कठिनाई हुन गएको ।
- वर्षातमा कतिपय ठाँउमा बाटोको बेस नै पखालेर लाने हुँनाले निर्माण कार्यमा समस्या भएको ।
- ब्लास्टिङ गर्दा ढुङ्गा उछिट्टिएर जस्ता प्वाल पर्ने र वर्षातमा घर भित्र पानी पस्ने समस्या रहेको ।
- बस्ति वरिपरि कन्ट्रोल ब्लाष्टिङ विधि अपनाउनु पर्ने, जुन जोखिमपुर्ण रहेको । ट्र्याक खोल्ने कार्यमा हालसम्म १ जना नेपाली सेना र ४ जना स्थानीय कामदार सहित ५ जनाको ज्यान गइसकेको छ ।
- कठिन भौगलिक अवस्थाको कारण निधारित ३० मि. Right of way पुऱ्याउन महंगो र धेरै समय खर्च हुन जाने ।

**सुझावहरु :**

- कार्यक्षमता अनुरूप उपयुक्त बजेट विनियोजन गरिएमा निर्धारित समय अगावै कार्य सम्पन्न भई सञ्चालनमा आउन सक्ने देखिएकोले यसका निम्ति हाल विनियोजित बजेट भन्दा बढि रकम विनियोजन गरिनुपर्ने ।
- आयोजनाको सडक खण्डमा चौडाईमा एकरूपता नदेखिएले सडकको चौडाईमा एकरूपता कायम गरिनुपर्ने ।
- सडकको विभिन्न खण्डमा पर्ने Alignment संशोधन गर्नु पर्ने भएको हुँदा सो सम्बन्धी निर्णय सम्बन्धित माथिल्लो निकायबाट यथाशिघ्र गरिनुपर्ने ।
- आयोजनाको भौगोलिक जटिलता र जोखिमका कारण यसमा काम गर्ने श्रमशक्तिलाई थप प्रोत्साहन भत्ता उपलब्ध गरिनुपर्ने ।

**(३) सिक्टा सिंचाइ आयोजना**

**समस्याहरुः**

- ठेकेदारबाट निर्माण कार्यको भुक्तानी माग गर्दा व्याज समेत माग गरेका कारण दुई पक्षबीच विवाद भएको देखियो ।
- निर्माण कार्य सम्पन्न भए पश्चात समय समयमा मर्मत सुधारको कार्य नभएका कारण नहरमा समस्या उत्पन्न भएको देखियो
- नहरको केही भागमा माटोको कारण केही समस्या देखिएको हुदा त्यस्ता स्थानमा माटो पुर्नु पर्ने, पानी चलाउनु पर्ने र निरन्तर अनुगमन गरी आवश्यकता अनुसार सुधार गर्नु पर्ने देखिन्छ ।
- माटोको डिस्पर्सनको समस्या बढेर नहरको भित्रभित्रै पानी चुहिने समस्या आएको देखिएको हुँदा समयमा मर्मत संभारको कार्य नभएमा नहरमा अन्य थप हानी हुने क्रम वढ्ने देखिन्छ ।

**समाधानका उपायहरुः**

- जुन स्थानबाट पानी चुहिएको हो त्यस्ता स्थानमा मर्मत संभार गरी पानी चलाउने ।
- नहरको विग्रिएको क्षेत्रमा मर्मत संभार गरी थप क्षति हुन नदिने ।
- नहरलाई सुधार गरी थोरै थारै पानी संचालन गर्दै गएमा नहरको स्थायित्व भई दिगो रुपमा नहरलाई संचालन गर्न सकिने ।
- कानुनी अड्चन तथा बाधाहरुलाई सकेसम्म छिटो समाधान गरी नहर संचालनलाई व्यवस्थीत गर्नु पर्ने ।
- मर्मत संभारको लागि आवश्यक बजेटको व्यवस्था गरिनु पर्ने ।

**समस्या समाधानका प्रयासहरु**

- नहर मर्मत संभारको लागि आवश्यक पर्ने बजेट माग गरी सम्बन्धित निकायमा पठाइएको ।
- आयोजना संचालनमा ल्याउन र थप क्षति हुनबाट रोक्न तुरुन्तै Disaster Prone Area बाट काम शूरु गर्नु पर्ने आवश्यकता रहेको ।
- हालसम्म सम्पन्न भएका कार्यको मूल्यांकन गरी आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिनु पर्ने ।

## (४) भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

**वस्तुस्थिति**

- नेपालमा पहिलोपटक साहसिक टनेलबोरिङ्ग मेसिनद्धारा निर्मित सुरुङ्ग अमेरिकन कम्पनि रोबिन्सले निर्माण गरेको टिबिएम मेशिनको प्रयोगबाट सुरुङ्ग निर्माणको कार्य जोखिमयुक्त भौगर्भिक क्षेत्रमा पनि सम्भव भएको ।
- २०७४ कार्तिक २० गतेदेखि सुरुङ्ग खन्ने कार्य सुरु भएतापनि तोकिएको समयभन्दा एक वर्ष अगाडि नै सुरुङ्ग निर्माण कार्य सम्पन्न भएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट Breakthrough कार्यको समुदघाटन भएको ।
- जलश्रोत तथा सिंचाई क्षेत्रमा कार्यरत प्राविधिकहरुको बहुउद्धेश्यीय आयोजना विकास तथा टिबिएम मेशीन जस्ता प्रविधिको प्रयोग गर्न प्राविधिक क्षमता अभिवृद्धि गर्ने लक्ष्य रहेको ।
- अन्तर जलाधार जल स्थानान्तरण तथा बहुउद्बेश्यीय जलश्रोत आयोजनाहरुको विकास गरी जलविधुत उत्पादनको साथै कृषियोग्य भूमिमा बाह्रैमहिना सिंचाई उपलब्ध गरी कृषि उत्पादन र उत्पादकत्य बृद्धि गरी देशको दिगो आर्थिक विकास हासिल गर्न सहयोग गर्ने लक्ष्य रहेको ।
- सुरुङ्ग खन्ने कार्य तोकिएको समय अगावै सम्पन्न भई अप्रिल १६,२०१९ मा Breakthrough भएको ।
- भेरी नदीमा ११४ मिटर लामो ब्यारेज सहित १५८ मिटर डिसेन्डीङ्ग बेसीन र टनेल इन्ट्री पोर्टलको निर्माण गरिने लक्ष्य रहेको ।
- ४.२ मिटर व्यास र १२.२ किलोमिटर लामो सुरुङ्ग मार्फत भेरी नदीको ४० घनमिटर पानी बबईमा खसालिने लक्ष्य रहेको ।
- आयोजना सम्पन्न भएपछि बबई नदीमा उपलब्ध हुने थप पानीबाट बबई हेडवक्स उपयोग गर्दै प्रदेश नम्बर ५को बर्दिया र बाँके जिल्लाको ५१ हजार हेक्टर जमिनमा सिंचाई सुविधा पुर्याउने लक्ष्य रहेको ।
- करिब १४७ मिटर हेडको उपयोग गर्दै दुइवटा टर्वाइनबाट ४६.८ मेगावाट विधुत उत्पादन क्षमताको विधुत गृह निर्माण गरी करिव वार्षिक ३८५ गिगावाट आवर विधुत उत्पादन गर्ने लक्ष्य रहेको ।
- औसतमा २८.४ मि. र एकदिनमा Maximum ६१ मि.सम्म सुरुङ्ग खन्ने कार्य गरी अन्तराष्ट्रिय रेकर्ड राख्न सफल भएको ।
- ४.२ मिटर व्यास र १२.२ कि. मि. लामो सुरुङ्गमार्ग निर्माण भइसकेकोले चिप्लेमा ड्याम र बबईमा पावरहाउस निर्माणको कार्य आगामी आर्थिक वर्षमै शुरु गर्ने योजना रहेको ।

**सुझाव र निर्देशन**

- बाँके र वर्दियाको ५१००० हेक्टर क्षेत्रमा बाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउने ।
- ४६.८ मेगावाट फर्म पावर जलविधुत उत्पादनको साथै पर्यटन तथा वातावरणीय प्रवर्द्धनमा फाईदा हुने ।
- हाल निर्माणाधिन बबई सिंचाई प्रणालीमा भरपर्दो तरिकाबाट बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने ।
- सतह र भूमिगत जलश्रोतको संयोजनात्मक रुपमा दिगो उपयोगबाट उक्त क्षेत्रको उर्वर भूमिवाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
- नेपालको हाईड्रोलोजी अनुसार बबई बेसीनमा सुख्खा समयमा हुने जलश्रोतको अपर्यप्ततालाई पूर्ति गर्ने उपयुक्त विकल्प हुने ।
- भेरी बबई डाईभर्सन बहुउद्धेश्यीय आयोजनाको विकासबाट सार्वजनिक क्षेत्र जलश्रोत तथा सिंचाई विभागको बहुउद्धेश्यीय तथा अन्तरजलाधार जलश्रोत आयोजनाहरुको विकासको लागि क्षमता अभिवृद्धि हुनुका साथै यस्तै प्रकृतिका अन्य आयोजनाहरु निर्माण गर्न सहयोगी हुने ।
- भेरी कोरीडोरमा सौर्य तथा विद्युतीय लिफ्ट सिंचाई प्रणालीको निर्माणको साथै अन्य पूर्वाधारहरुको लागि अध्ययन तथा गुरुयोजना सम्पन्न भइ समुदायमा आधारित विभिन्न पूर्वाधार निर्माण कार्य गर्ने ।

## ९. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक विवरण

| क्र.सं. | मन्त्रालय/निकायको नाम | मिति |
|---|---|---|
| १. | युवा तथा खेलकूद मन्त्रालय | २०७५/१२/०८ |
| २. | वन तथा वातावरण मन्त्रालय | २०७५/१२/११ |
| ३. | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २०७५/१२/१२ |
| ४. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७५/१२/०८ |
| ५. | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय | २०७५/१/१९ |
| ६. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७५/१२/१९ |
| ७. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | २०७५/१२/१९ |
| ८. | गृह मन्त्रालय | २०७५/१२/१९ |
| ९. | राष्ट्रिय पुनःनिर्माण प्राधिकरण | २०७५/१२/२० |
| १०. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७५/१२/२४ |
| ११. | खानेपानी मन्त्रालय | २०७५/१२/२४ |
| १२. | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | २०७५/१२/२५ |
| १३. | अर्थ मन्त्रालय | २०७५/१२/२५ |
| १४. | रक्षा मन्त्रालय | २०७५/१२/२६ |
| १५. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७५/१२/२६ |
| १६. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०७५/१२/२८ |
| १७. | संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | २०७५/१२/२८ |
| १८. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५/१२/२९ |
| १९. | शहरी विकास मन्त्रालय | २०७६/०१/०५ |
| २०. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७६/०१/१८ |
| २१. | परराष्ट्र मन्त्रालय | २०७६/०३/०३ |